# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

शिक्षा प्राप्त गर्नु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । शिक्षा विना कुनै पनि व्यक्ति पूर्ण बन्न सक्दैन त्यसैले शिक्षालाई हाम्रो देश नेपालको अन्तरिम संविधान २०६३ को धारा (१७) मा मौलिक हकको रुपमा पनि उल्लेख गरिएको छ । नेपाल जस्तै विश्वका अन्य राष्ट्रहरुले पनि शिक्षालाई नागरिक अधिकारको रुपमा लिएको पाइन्छ । संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी घोषणा पत्र (१९४८ डिसेम्बर १०) मा पनि शिक्षालाई प्रत्येक व्यक्तिले प्राप्त गर्न पाउनु पर्ने अधिकारका रुपमा उल्लेख गरिएको पाइन्छ । जव मानिस यो संसारमा जन्म लिन्छ उ खाली हात मात्र लिएर जन्मिन्छ तर उसले विभिन्न क्षमता लिएर आएको हुन्छ । शिक्षाको माध्यमद्वारा नै उसले आफूमा भएको अन्तर्निहित क्षमताको विकास गर्दछ । त्यसका साथै बालकको बृद्धि र विकास गर्ने काम उसको बाहिरी वातावरणले सृजना गर्दछ । बालक जन्मेपछि उसको पहिलो पाठशाला घर हो भने दोस्रो पाठशाला विद्यालय हो । त्यसैले बालकको विकासमा उसको घरायसी वातावरणका साथसाथै शैक्षिक, सामाजिक, सांस्कृतिक वातावरण प्रभाव पार्दछ ।

मानव सभ्यताको विकासक्रमसँगै शिक्षाको पनि विकास भएको पाइन्छ । हाम्रो देश नेपाल विविधतामा एकताको प्रतिकको रुपमा रहेको छ । विभिन्न भाषा-भाषी, जात, जाती, धर्म, संस्कृति, चालचलन, भेषभुषा, रितिरिवाज विद्यमान रहेका छन् । जातिको हिसाबले यहाँ १०२ जातजातिका मानिसहरु बसोबास गर्दछन् । यि सबैको आ-आफ्नो परम्परा र संस्कृति रहेता पनि एकतामा भने अटल देखिन्छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरु मध्ये दलित एक पिछडिएको जाति हो । नेपालमा जातजातिका हिसाबले १३.०९% दलितहरु बसोबास गर्दछन् । नेपालको कूल जनसंख्याको ३०,३०,०६७ जनसंख्या दलित जातिको रहेको छ । (तथ्याङ्क विभाग, रा.ज.ग. २०५८) नेपालमा बसोबास गर्ने विभिन्न जातिमा ज्यादै विविधता रहेको छ । यस्तो विविधतायुक्त हाम्रो देशको सामाजिक संरचना जात जातिको विभाजन विभेदीकरण तथा वर्ग उपवर्गको निर्माण पहिलेदेखि नै चल्दै आएको छ र आज पनि विद्यमान अवस्थामा रहेको छ । समाज धनी वर्ग र गरिब वर्गमा विभाजन भई एक वर्गाले अर्कोलाई हेप्ने, दवाउने, अमानवीय व्यवहार देखाउने, राज्यबाट पाउने आधारभूत अधिकारबाट वञ्चित गराउने, छुवाछुत गर्ने परम्परा आज पनि हाम्रो समाजमा विकराल समस्याको रुपमा रहेको छ । हाम्रो देश नेपालको अन्तरिम संविधान २०६३ ले जातीय छुवाछुत तथा भेदभावलाई दण्डनीय अपराध भनेर परिभाषित गरेपनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा हाम्रो देशका दलित जातिहरुले अझै पनि यो समस्याबाट पिल्सिनु परेको अवस्था छ । हाम्रो देश नेपालमा रहेका विभिन्न जातजातिका बालबालिकाहरु शिक्षा जस्तो जीवनको उज्यालो घामबाट वञ्चित हुनु परेको छ । यसको प्रमुख कारण भनेको जातीय छुवाछुत नै हो ।

विश्वको सन्दर्भमा कतिपय देशमा छुवाछुत र दलित सम्बन्धि भेदभाव रहेको पाइएता पनि कानूनी प्रक्रियामा भने कसैलाई छुवाछुत गर्ने अधिकार दिएको छैन । यसै सन्दर्भमा हाम्रो देश नेपालमा पनि जातीय भेदभाव तथा छुवाछुत प्रथा विरोधी भावनाको सुरुवात र विकास रणबहादुर शाहको शासनकालमा नेपालको पूर्वी पहाडतिर विस्तार भएको जोसमनि धार्मिक सम्प्रदायले गरेको पाइन्छ । त्यसैगरी दलित समुदायको उत्थानका लागि राज्यले छुट्टै सरकारी निकाय गठन गर्न सुरु गरेको वि.सं. २०५४ सालदेखि हो । तत्कालीन सरकारले २०५४ असोज १५ गते नेपाल राजपत्रमा सूचना जारी गरी उपेक्षित उत्पीडित र दलित वर्गको उत्थान विकास समितिको गठन गरेको थियो ।

नेपालमा रहेका विभिन्न दलित तथा पिछडिएका वर्गहरुले दुःख पिडा तथा कष्टकर जीवन बाँच्न बाध्य छन् भने अर्कोतिर राजनीतिक, आर्थिक, शैक्षिक रुपमा पछाडी परी न्यूनतम राज्यका सुविधाबाट वञ्चित भई अन्धकार जीवन जिउन बाध्य भएको अवस्था छ । जातीय पृष्ठभूमि खोतल्दा धर्मसँगका अनेक मनुस्मृतिको चरण वैद्धिक काल जस्ता अवस्थामा ब्रम्हाको मुखबाट चार जात उत्पत्ति भएको कथा सुन्नमा आउँछ । तर लिखित रुपमा राजा जयस्थिति मल्लले कामको आधारमा जात विभाजन गरेको हो भन्ने प्रमाण पाउन सकिन्छ । सयौं वर्षदेखि अत्याचार, दमन, उत्पीडन, उपेक्षीतको चपेटामा पर्दै आएका दलित वर्गका व्यक्तिहरु आजको २१ औं शताब्दीमा आइपुग्दा पनि राज्यको मूलधारमा ल्याउन नसक्नु दुःखको कुरा हो । यसरी अन्याय र अत्याचारको चपेटामा परी शिक्षाजस्तो आधारभूत अधिकारबाट वञ्चित हुने दलित वर्ग मध्ये दमाई समुदाय पनि एक हो । दमाई जाति भनेको आफू भन्दा उपल्लो वर्ग भनाउदा जातजातिको घरको, खेतबारीको काम गरेर खाने र विभिन्न कार्यक्रम हुँदा बाजा गाजा बजाउने, लुगा सिलाउने जातिका रुपमा रहेको छ । यसरी जातीय छुवाछुत, भेदभाव, अन्याय र उत्पिडनको चपेटामा परेका दलित जातिहरु राज्यको पुनर्संरचना हुन लाग्दा पनि उनीहरुप्रति गरिने व्यवहारमा परिवर्तन नआउनु र सकारात्मक सोंचको विकास नहुनु दुःख लाग्दो कुरा हो । दमाई जाति को हुन् ? र यिनीहरुो उद्‌गमस्थल कहाँ हो ? नेपालमा यिनीहरुको बसोबास कहिलेदेखि भएको हो ? भन्ने सन्दर्भमा निश्चित प्रमाणहरु प्राप्त भएको छैन भन्दा अत्युक्ति नहोला । इन्साइक्लोपिडिया अफ रिलिजन (Encyclopedia of Religion) का अनुसार शुद्ध जाति आर्य समुह भित्रै पर्ने जाति हो । आर्यहरुमा जो गरिब छन् । जसको कृषि पेशालाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न जानेका थिएनन् तिनीहरुकै समूहलाई नै शुद्ध जातिमा राखी अन्य आर्यहरुको सेवा गर्ने, स्याहार सुसार गर्ने, दास वर्गको रुपमा राखेको पाइन्छ ।

त्यसैगरी यस जातिको उत्पत्तिको सन्दर्भमा हिन्दूहरुको पवित्र मानिने धर्मग्रन्थ ऋगवेदमा भनिएको छ कि शुद्ध जाति विश्वपुरुषको पैतलाबाट उत्पत्ति भएको हो । यसरी आर्य समूहको एक शाखाको रुपमा नै खसहरु भएको पाइन्छ । खस अन्तर्गत ब्राह्मण, क्षेत्री जस्ता माथिल्ला जातिको साथै तल्लो जातिमा पर्ने दमाई, कामी र दमाई आदि जात पर्दछन् । यसरी सामाजिक, आर्थिक, राजनैतिक आदी सबै कुरामा अत्यन्तै पछाडी परेको दमाई जातिको शैक्षिक अवस्थामा पनि अत्यन्तै न्यून रहेको

पाइन्छ । यस्तो हुनुमा राज्य नै प्रमुख दोषि देखिन्छ किनभने विभिन्न नियम कानूनको निर्माण मात्र हुन्छ तर त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । हाम्रो देशमा दमाई जातिको जनसंख्या ३९०३०५ रहेको पाइन्छ (राष्ट्रिय दलित आयोग, २०६७/०६८) । सयौं वर्षदेखि अन्याय र उत्पीडनको चपेटामा पर्दै आएका दलितहरु राज्यको पुनसंरचना हुन लाग्दा पनि उनीहरुप्रतिको हेराईमा सकारात्मक सोंच नआउनु दु:ख लाग्दो कुरा हो । नेपालका दलित वर्गहरु आजको युगसम्म आइपुग्दा पनि त्यही परम्परागत कार्यलाई नै निरन्तरता दिइरहेको पाइन्छ । नेपालका दलित वर्गलाई कार्यको आधारमा वर्गीकरण गर्दा कसैलाई फलामको, सुनको, छालाको, कपडाको र अन्य धेरै कामको आधारमा अलग-अलग भागमा विभाजन गरिएको देखिन्छ ।

विभिन्न काल परिस्थिति पार गर्दै शिक्षा आजको युगमा मोक्ष प्राप्तिको लागि हुन्थ्यो भने शिक्षाका पुराना विचारहरु मध्यकालिन र आधुनिक युगका नयाँ-नयाँ विचारहरुबाट शिक्षाको विकास भएको देखिन्छ । वर्तमान युगमा आर्थिक विकासको निम्ति मानवीय स्रोतहरुमा विस्थापित भई समयानुकूल सामाजिक, साँस्कृतिक र राजनैतिक, सूचना, सञ्चारबारे ज्ञान लिनका लागि प्रयोग हुनु नै शिक्षा हो । नेपाल चारजात छत्तिस वर्णको साझा फुलबारी हो । हाम्रो देश नेपाल विश्व मानचित्रमा जति सानो छ, भाषा र संस्कृतिमा त्यत्तिकै विशाल छ । यसै साझा फूलबारीमा समानरुपमा मलजल नपाई फूल्न नसकेको दलित जातिमध्ये कामी जाति पनि एक हो । कामी जाति भनेको धातुको काम गर्ने जाति भएकाले समुदायका मानिसहरुले उनीहरुलाई कामी जाति भनेर चिन्दछन् । कामी जातिका मानिसहरुको परम्परागत व्यवसाय नै धातु सम्बन्धी काम गर्ने र धातुबाट निर्माण भएका वस्तुको बिक्री वितरणबाट उनीहरुको जिविका चल्ने भएकाले उनीहरु सधै त्यस व्यवसायसँग लागिपरेका छन् ।

यति हुँदाहुँदै पनि दलित वर्गलाई परम्परागत विचारबाट हेर्ने दृष्टिकोण आजपनि यथावत नै छ । विश्व आजको २१ औं शताब्दीमा आइपुग्दा पनि नेपालमा छुवाछुत तथा जातीय भेदभावको प्रथा यथावत रहनु भनेको उपल्लो वर्ग तथा राज्यको भेदभावपूर्ण व्यवहार हो । किन मानिस-मानिस बीच यस्तो भेदभावपूर्ण व्यवहार हुन्छ ? किन राज्यले कानूनको प्रभवकारी कार्यान्वयन गर्न सक्दैन ? भन्ने प्रश्न आज दलित वर्गका लागि गम्भिर चुनौति हो । विश्व आजको समयसम्म आइपुग्दा पनि हाम्रो देशमा छुवाछुत जस्तो अमानवीय, अपराधिक कार्यले प्रश्रय पाएको छ । जसको कारण दलित वर्गका बालबालिकाहरु शिक्षाजस्तो जीवनको उज्यालो घामबाट वञ्चित हुनुपरेको छ । आफूमा भएको अन्तरनीहित क्षमतालाई गुम्स्याएर राख्नु परेको छ । विभिन्न ठाउँमा च्याउ जस्तै विद्यालय खोलिएता पनि शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरिए पनि हाम्रो देशका १३% दलित बालबालिकाहरु अन्धकारको खाल्डोमा बाँच्न बाध्य छन् जसको प्रमुख कारण नै जातीय भेदभाव हो । नेपाल सरकारले हालसम्म छुवाछुत विरुद्ध जति पनि ऐन कानुन बनायो त्यसको प्रभावकारी कार्यान्वयन गर्न नसक्दा ठोस उपलब्धि हासिल गर्न सकेको छैन । जसको कारण राष्ट्रको करीव एक चौथाई जनसंख्यामा रहेका दलित समुदाय जातीय भेदभव र छुवाछुतको कारण शिक्षा लगायत हरेक कुरामा पछाडी परी राष्ट्रिय विकासको मूल प्रवाहबाट वञ्चित हुन पुगेका छन् ।

दमाई जातिका परम्परागत पेशाहरु उनिहरुको निर्वाहमुखि जिविकोपार्जनको मुख्य स्रोत मात्र नभई अर्थतन्त्रको महत्वपूर्ण अङ्ग हो । दलितका ती पेशाले ग्रामिण अर्थतन्त्रमा ठुलो हिस्सा ओगटेको छ । आज भोलि दलितहरु पनि परम्परागत पेशावाट अन्य पेशामा आकर्षक बन्दै गएपनि अधिकांश दलितहरु अझैपनि परम्परागत पेशामा (लुगा सिलाउने, दमाउ, ताल, बाजा गाजा बजाउने, आफूभन्दा माथिल्लो जातिको खेतबारीमा काम गर्ने आदी) नै संलग्न भइरहेको पाइन्छ । यति हुँदा हुँदै पनि दलित जातिका पेशाहरुले समाज र राज्इबाट सम्मान र सुरक्षा पाउन सकेका छैनन् । एकातिर परम्परागत र स्थानीय प्रविधिमा आधारीत उनीहरुको सीप र सामानहरु आधुनिक र उच्च प्रविधिमा निर्मित विदेशी सिप र समाजका अगाडि कमजोर र निम्न स्तरका छन् भने अर्कोतिर सीपका धनि दलितहरुको समाजमा सम्मान छैन । जातिय समाजमा पेशा र जातको अन्तरसम्बन्ध हुन्छ । जातीय व्यवस्थाका एउटा प्रमुख विद्वान लुइस डुमोका अनुसार “जाती व्यवस्थाको एउटा प्रमुख फिचर भनेको नै पेशा र जातको नजिकको सम्बन्ध हो” । यही सम्बन्धका कारण नै जाति व्यवस्थापनमा स्थिरता रहेको हो ।

दमाई जातिका व्यक्तिहरुको काम लुगा सिउने, विभिन्न चाडपर्व जस्तै (विवाह दशैं, तिमार) मा बाजागाजा बजाउने माथिल्लो जातका व्यक्तिहरुको खेतबारीमा काम गर्ने र यसैमा दिनचर्या विताउने । तर शिक्षा क्षेत्रमा त्यति राम्रो सफलता देखा परेको छैन । प्रायजसो सबैले आर्थिक अभावका कारणले आफ्ना बालबालिकालाई विद्यालय शिक्षामा सहभागिता त्यति गराएको पाइदैन । यो एक दुःख लाग्दो कुरा हो किनभने शिक्षा मानव जीवनको आधार हो । शिक्षा विना मानिसले आफ्नो जीवन सफलतापूर्वक निर्वाह गर्न सक्दैन । यसै सन्दर्भमा एउटा भनाई छ "Plants are develop by cultivation and man by education" तर हाम्रो देशका दलित बालबालिकाहरुको शैक्षिक सहभागिता २२% मात्र रहेको छ ( राष्ट्रिय दलित आयोग वार्षिक प्रतिवेदन, २०६६/०६७) । नेपालमा दलित समुदायको हक अधिकार र मुक्तिका लागि लामो समयदेखि विभिन्न संघर्षहरु हुँदै आएका छन् । जातिय छुवाछुत विभेद र छुवाछुत विरुद्ध लड्नुका साथै दलित समुदायको समग्र हक अधिकार संरक्षण एवम् विकासका लागि तत्कालिन मन्त्रीपरिषदको मिति २०५८ चैत्र ६ गतेको निर्णयबाट राष्ट्रिय दलित आयोगको स्थापना भएको हो । २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन-२ पश्चात् गठित सरकारले मिति २०६३ बैशाख २४ गते गरेको निर्णय बमोजिम २०६४ आषाढ १८ गतेको निर्णयबाट देशमा दलित समुदायलाई मुक्ति दिलाउन दलित मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न पुनः १७ सदस्य आयोग गठन गरियो (यमबहादुर किसान, २०६५) । यस्ता विभिन्न आयोगको गठन पछि पनि दलित वर्गका समुदायका बालबालिकाका हितमा काम नभएको पाइन्छ । यदी साँच्चै नै दलित बालबालिकाको शैक्षिक सहभागिता बढाउने हो भने यि विभिन्न आयोगका नीति नियमहरुको प्रभावकारी कार्यान्वयन गरिनु पर्दछ र दमाई जातिका बालबालिका र अन्य जातिका बालबालिकाहरुलाई विद्यालय पनि समान व्यवहार गरिनु पर्दछ अनि मात्र दलित बालबालिकाको विद्यालय सहभागिता बढाई उनीहरुलाई शिक्षा जस्तो आधारभूत अधिकार प्रदान गर्न सकिन्छ र हाम्रो देश नेपालको साक्षरता दर बृद्धि गरी समग्र राष्ट्रलाई नै उन्नतीको बाटोतिर डोऱ्याउन सकिन्छ ।

## १.२ समस्याको कथन

शैक्षिक क्षेत्रमा समावेशी भन्ने नारा जतिसुकै घन्किएता पनि त्यसको सदुपयोग र कार्यान्वयन त्यति प्रभावकारी रुपमा भएको देखिदैन । समावेशी शिक्षा सम्बन्धी विभिन्न सम्मेलन तथा २०४७ र २०६३ को अन्तरिम संविधानले पनि शिक्षालाई आधारभूत आवश्यकता तथा मौलिक हकका रुपमा व्यवस्था गरेता पनि अहिलेसम्म आइपुग्दा पनि बालबालिकाहरु शिक्षाको उज्यालो घामबाट वञ्चित भएको कुरा घाम जस्तै छर्लङ्ग छ ।

प्राथमिक शिक्षा चुनौतिको रुपमा रहेको अवस्थामा विद्यालयमा भएको प्रतिकूल वातावरण, समाजमा रहेको भेदभाव, छोराछोरीप्रतिको असमान व्यवहार, भौगोलिक विकटता, बाल विवाह, घरायसी कामको भार, पारिवारिक समस्या, आर्थिक समस्या, नीति नियमको कार्यान्वयनको अभाव आदी विभिन्न कारणले बालबालिकाहरुको विद्यालय सहभागिता न्यून देखिन्छ । यसमा पनि विशेष गरी जनजाती, दलित र पिछडिएका समुदायहरुको बालबालिकाको शैक्षिक स्थिति दयनीय देखिएको अवस्था अछाम जिल्लाको नवाठाना र मष्टामाण्डौ गा.वि.स.का दमाई जातिका बालबालिकाहरुको शिक्षामा सहभागिताको स्थिति, भर्ना संख्या, विद्यालय छाड्ने कारणहरु अध्ययन गरी उनीहरुलाई पनि अन्य जाती सरह शैक्षिक, सामाजिक, राजनीतिक रुपमा सवल बनाई राष्ट्रिय मूल धारमा ल्याउनु यस अध्ययनको मूल आसय रहेको छ ।

## १.३ अनुसन्धानात्मक प्रश्नहरु

कुनैपनि अध्ययन अनुसन्धान कार्य अघि बढाउन सर्वप्रथम अनुसन्धानकर्ताले अनुसन्धान प्रश्न निर्माण गर्नुपर्दछ । त्यसैले यस अध्ययनमा दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता पत्ता लगाउन निम्नानुसारका प्रश्नहरु रहेका छन् ।

- विद्यालय शिक्षामा दमाई जातिका बालबालिकाहरुको सहभागिता कस्तो छ ?
- दमाई जातिका बालबालिका के-कति कारणले विद्यालयमा उपस्थित हुन सकेनन् ?
- कक्षा दोहोऱ्याउने दर के-कति छ ?
- कक्षा उत्तिर्ण र अनुत्तिर्ण प्रतिशत दर कति छ ?
- दमाई जातिका बालबालिकालाई विद्यालयस शिक्षामा सहभागिता गराउन के-कस्ता नीतिहरु अवलम्बन गर्न सकिन्छ ?
- विद्यालय शिक्षाप्रति उनीहरुका अभिभावकको अवधारणा कस्तो छ ?
- विद्यालय शिक्षामा दमाई जातिका छात्र र छात्राको संख्या कति छ ?
- दमाई जातिका बालबालिकालाई विद्यालयमा कस्तो व्यवहार गरिन्छ ?
- दमाई जातिका बालबालिका विचैमा किन कक्षा छोड्छन् ?
- अतिरिक्त क्रियाकलापमा दमाई बालबालिकाहरुको सहभागिता कस्तो रहेको छ ?

### १.४ अध्ययनको औचित्य

हाम्रो देश नेपाल विभिन्न जातजाती तथा भाषाभाषीले सम्पन्न बहु जाति, बहुभाषि तथा बहुसाँस्कृतिक मुलुक हो । यहाँ विभिन्न जातजाती भाषाभाषि छरिएर रहेका छन् । नेपालमा बसोबास गर्ने सम्पूर्ण जातजाति तथा भाषाभाषिका बालबालिकाले शिक्षा प्राप्त गर्न पाउनु आधारभूत अधिकार हो । त्यसैले सबै जातजातिका बालबालिकालाई शिक्षामा समान अवसर प्रदान गर्न नेपालको अन्तरिम संविधान २०६३ को भाग (३) को धारा (१७) मा मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । त्यसैगरी शिक्षाको राष्ट्रिय उद्देश्यमा पनि सबै जातजाति भाषाभाषिका बालबालिकालाई समान शिक्षाको अवसर हुनुपर्छ भनी उल्लेख गरिएको छ । तर त्यसको कार्यान्वयनमा भने कमी देखिन्छ । शिक्षामा समाजका सबै जातजाति भाषाभाषिको बालबालिकाको समान अवसर र पहुँच अभिवृद्धि गर्न सरकारी तथा गैरसरकारी तवरबाट विभिन्न प्रयास गरिएता पनि दलित तथा पिछडिएका जनजातिका बालबालिकाहरु शिक्षाको उज्यालो घामबाट अझै पनि वञ्चित भएको कुरा देखिन्छ । शिक्षाले मानिसमा भएको अन्तरनिहित क्षमताको प्रस्फुटन गर्ने कार्य गर्दछ । शिक्षा एक त्यस्तो प्रक्रिया हो जसद्वारा व्यक्ति जटिल सामाजिक संरचनासँग समायोजन हुन सक्दछ । शिक्षाको माध्यमबाट नै व्यक्तिले संस्थागत समुहगतमा रहेर आफ्नो दायित्व निर्वाह गर्न सक्दछन । शिक्षा विकासको लागि महत्वपूर्ण र आवश्यक सामाजिक पूर्वाधार भएकोले सर्वसुलभ तरिकाबाट गुणस्तरीय शिक्षा सबैले पाउनुपर्ने हुन्छ । जनताको आवश्यकता अनुसार शिक्षा सर्वसाधारणको पहुँच अनुसार भएमा समाजले गति लिन सक्दछ । शिक्षाको राष्ट्रिय लक्ष्यमा पनि सम्पूर्ण जातजातिका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गराउने लक्ष्य राखेता पनि कार्यान्वयन पक्षमा भने कमजोरी नै रहेको देखिन्छ । यसमा पनि दलित पिछडिएका वर्गका जनजाती र ग्रामिण क्षेत्रका बालबालिकाहरुको शिक्षामा पहुँच कम छ । त्यसैले यस अध्ययनको प्रमुख औचित्य भनेकै दमाई जातिका बालबालिकाहरु विद्यालय नजाने कारण पत्ता लगाउने, विचमै पढाई छोड्ने कारण पत्ता लगाउने, उनीहरुको अभिभावकले विद्यालय नपठाउनाको कारणहरु पत्ता लगाई दलित बालबालिकाको विद्यालय सहभागिता बढाउने नै प्रमुख महत्व हुनेछ । यसका अन्य औचित्यहरु निम्नानुसार छन् ।

- यस अध्ययनले अछाम जिल्लाको नवाठाना गा.वि.स. र मष्टामाण्डौं गा.वि.स. अन्तरगतका सामुदायिक विद्यालयका दमाई जातिका बालबालिकाहरुको विद्यालय सहभागिताको स्थिति जानकारी गराउन सकेमा त्यस क्षेत्रमा शिक्षा सम्बन्धी योजना निर्माण गर्नेहरुको लागि यस अध्ययनले सहयोग गर्नेछ ।
- दमाई जातिका बालबालिकाको शिक्षामा सहभागिताको स्थिति पत्ता लगाई त्यसमा प्रभाव पार्ने कारणहरु पत्ता लगाउन सकेमा यस अध्ययनले शिक्षामा तिनीहरुको पहुँच बढाउन सहयोग गर्नेछ ।
- दमाई समुदायलाई शिक्षामा सहभागी गराउन आवश्यक पर्ने योजना वा सुधारका कार्यक्रमको लागि सहयोग गर्नेछ ।

## १.५ अध्ययनको उद्देश्य

उद्देश्य विना कुनै पनि कार्य गन्तव्यमा पुग्न सक्दैन । त्यसैले कुनै पनि अनुसन्धान कार्य गर्दा अनुसन्धान समस्यालाई केन्द्रविन्दूमा राखेर अनुसन्धानका उद्देश्य निर्माण गर्नु पर्दछ । अनुसन्धान निश्चित लक्ष्य तथा उद्देश्यमा केन्द्रित हुन्छ । समस्याको कथनमा उल्लेख गरिए अनुसार कुन कुराको प्राप्तिको लागि खोज गरिदै छ त्यसलाई स्पष्ट र विशिष्ट रुपले उल्लेख गरिएका वाक्यांश नै उद्देश्य हुन् । यस अध्ययनका उद्देश्य यसप्रकार रहेका छन् :

(i) दमाई जातिका बालबालिकाको विद्यालय शिक्षामा सहभागिताको स्थिति पहिचान गर्नु ।

( ii) दमाई जातिका प्राथमिक तहका छात्रछात्राहरु विद्यालय नजानु, कक्षा दोहोऱ्याउनु र विचैमा कक्षा छाड्नुका कारणहरु पत्ता लगाउनु ।

(iii)दमाई जातिका बालबालिकाको शैक्षिक समस्या पहिचान गरी समाधानका उपाय पत्ता लगाउनु ।

## १.६अध्ययनको सीमा

कुनै पनि अध्ययन कार्य सञ्चालन गर्नुपूर्व अध्ययनकर्ताले सिमित स्रोत साधन र समयलाई मध्यनजर गरी क्षेत्र समेट्नु पर्दछ तसर्थ यस अध्ययनको उद्देश्य प्राप्तिका लागि अध्ययनलाई निम्न क्षेत्रमा मात्र सिमित गरिएको छ ।

- अछाम जिल्ला नवाठाना गा.वि.स. र मष्टामाण्डौं गा.वि.स. अन्तरगत धेरै दमई समुदाय बसोबास गर्ने क्षेत्र अन्तरगतका ४ वटा सामुदायिक विद्यालयलाई मात्र यस अध्ययनलाई सिमित गरिएको छ ।
- यस अध्ययनमा दलित बालबालिकाहरुको शैक्षिक सहभागिता पत्ता लगाउने साधनको रुपमा विद्यार्थी, अभिभावक, शिक्षकका लागि अन्तर्वार्ता, कक्षा अवलोकन, अभिलेख विवरणमा मात्र सिमित राखिएको थियो ।
- यस अध्ययनमा प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्न गुणात्मक र परिमाणात्मक विधि मात्र प्रयोग गरिएको छ ।
- यस अध्ययनमा दमाई जातिका बालबालिकाहरो शैक्षिक स्थिति, भर्ना, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने कारणलाई अध्ययनमा केन्द्रित गरिएको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकन अनुसन्धान क्षेत्रसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरी तिनीहरुलाई तथ्यपूर्ण बनाउनुका साथै अध्ययन कार्य पनि नदोहोरियोस् भन्नका लागि साहित्यको पुनरावलोकन गरिन्छ । यस अध्ययनमा अध्ययनको सैद्धान्तिक संरचनाको विश्लेषण सेरिडले गरेका विभिन्न अध्ययन एवं विपन्न समुदायका प्राथमिक विद्यालय उमेरका बालबालिकाहरुको शैक्षिक सहभागिता सम्बन्धि पक्षमा भए गरेका अध्ययन अनुसन्धान प्रतिवेदनका निष्कर्षहरु समेटिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको संरचना/पुनरावलोकन

हिन्दू धर्मको आधारमा विभिन्न जाति जसलाई तल्लो जाति भनिन्छ त्यसैलाई दलित भन्ने गरिन्छ । यो परम्परागत गलत मानसिकताको उपज हो । दलित भनेर सम्बोधन गर्ने हाम्रो रुढिवादी अन्धविश्वास हो जो सदियौँ देखि हाम्रो मानसिकतामा बसिसकेको छ । जसले गर्दा दलितहरु आजको युगमा आइपुग्दा पनि शिक्षा जस्तो आधारभूत अधिकार पाउनबाट वञ्चित छन् । नेपालमा दलित भनेर भन्ने गरिएका १३.०९% जनताहरु बसोबास गर्दछन् (तथ्याङ्क विभाग, रा.ज.ग., २०५८) । नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भए अनुसार दलित भन्नाले "आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक रुपबाट पिछडिएको वर्ग भनेर परिभाषित गरिएको छ । दलितलाई विभिन्न व्यक्ति संघसंस्थाले भिन्ना भिन्नै रुपमा परिभाषित गरेका छन् । त्यस्तै दलित उत्थान र संरक्षण सम्बन्धित विधेयक २०५९ का अनुसार दलित भन्नाले "समाजमा छुवाछुतको भेदभावबाट पिडित भई आर्थिक रुपमा शोषित, राजनीतिक रुपमा पछाडी परेका, धार्मिक, साँस्कृतिक व्यवहारबाट अलग्याएका व्यक्तिहरुलाई दलित भनेर भन्ने गरेको पाइन्छ । नेपालमा विभिन्न जात-जातिका दलितहरु छन् जस्तै : कामी, दमाई, कामी, वादी, गाइने, सुनार, चुनार, वान्तर, चनार, डुम, धोवी, लोहार, मुसहर, सतार, कसै, पोडे, पासवान, झागर, सुचिकार, नगर्चि, टुड्के, ओड, पार्की, टमटा, चर्मकार, मुल आदी । यि विभिन्न जातजातिका आ-आफ्नै संस्कृति, परम्परा, रितिरिवाज रहेका छन् । यि जातजाति मध्ये दमाई पनि अन्याय र उत्पीडनको चपेटामा पिल्सिएको जाति हो । मानव सभ्यताको विकास सँगसँगै शिक्षाका विकास भएको भएता पनि नेपालका दलित वर्ग अझै पनि शिक्षा जस्तो नागरिकको आधारभूत अधिकारबाट वञ्चित हुनु परेको छ । शिक्षा मानव जीवनको अस्तित्व हो हरेक मानिसको भविष्य शिक्षासँग जोडिएको हुन्छ । यसरी नेपालमा बसोबास गर्ने विभिन्न जातजातिको फुलबारीमा मलजल नपुगी फुल्न नसकेको दलित जाति मध्ये दमाई जाति पनि एक हो । आजको युगसम्म आइपुग्दा पनि दमाई जाति भनेको आफूभन्दा ठूला जातिको घरमा, खेतबारीमा काम गरेर खाने र विभिन्न चाडपर्व, विवाह, वर्तबन्ध हुँदा बाजागाजा बजाएर छाक टार्ने जातिका रुपमा रहेको छ ।

भारतमा डा. अम्बेडकारले दलित वर्गका लागि संविधानमै आरक्षण कोटा प्रणालीको व्यवस्था गरे । दलित वर्गलाई अनुसूचित जाति नामाकरण गरी दश वर्षसम्मका लागि यो आरक्षण कोटा प्रणाली लागू गरिएको थियो । तर योदशवर्ष आरक्षण कोटा प्रणाली एक पटक पूरा भएन । संविधानको

आरम्भदेखि आजसम्म संविधानको संशोधनको माध्यमबाट यो आरक्षण कोटा प्रणाली बारम्बार दोहोरिएको छ । सन् १९८९ मा ल्याएको अत्याचारहरुसँगको सम्बन्धित कानून मार्फत जातिय भेदभाव सफलतापूर्वक नियन्त्रण गरेको दावी छ (स्रोत : राष्ट्रिय दलित आयोग, २०६७) ।

त्यस्तै दक्षिण अफ्रिकामा रंगभेद विरोधी आन्दोलन भए पछि त्यहाँ जातीय भेदभाव विरुद्ध कडा कानून बन्न पुगे र अन्तत त्यहाँका शाषकवर्गहरुले घुँडा टेक्नुपऱ्यो । त्यस्तै अमेरिकामा पनि जातीय भेदभाव विरुद्धका आन्दोलन भएका थिए ति आन्दोलनले त्यहाँ जातीय विभेद हटाएको थियो ।

सन् १९६० मा दक्षिण अफ्रिकाको सार्पभिल्ले भन्ने ठाउँमा स्थानीय जनताहरुले रंगभेद तथा जातीय विभेद युक्त कानूनको विरुद्धमा शान्तिपूर्ण रुपमा विरोध गर्दा त्यहाँको तत्कालिन सरकारले प्रदर्शनकारीहरुमाथी दमन गर्दा ६९ जना व्यक्तिहरुको निर्मम ढंगले हत्या गरेको थियो । संसारको जातीय भेदभाव विरुद्धको उक्त घटनालाई कहिल्यै पनि विर्सन सकिदैन (स्रोत : राष्ट्रिय दलित आयोग, २०६५) ।

संसारमा जति नयाँ नयाँ सोंचहरु, सभ्यताहरुको विकास हुँदै जान्छ त्यति त्यति मानव अधिकारको क्षेत्रपनि फराकिलो हुँदै जान्छ । सन् १९४८ मा संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रदेखि लिएर विभिन्न समयमा लागू भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धीहरु, अधिकार पत्रहरु, अन्तर्राष्ट्रिय अनुबन्धनहरु र मानवीय कानुनहरुले मानव अधिकारका सिद्धान्तहरुको सुनिश्चितता गरेका छन् ।

नेपालमा पनि मानव अधिकार र जातीय भेदभाव विरुद्ध विभिन्न महासन्धीहरु, दासत्व महासन्धी १९५६, महिला विरुद्धको महासन्धी १९७९, सन् १९९० को राज्यस्तरबाटै कानुन बनाएर लाखौँ दलित समुदायमाथि उत्पीडन तथा भेदभाव विजारोपण गरिएको थियो र १९१० मुलुकी ऐनले छुवाछुत र मानिस विभेदलाई निरन्तरता दिएको कारण आज पनि लाखौँ दलितहरुले अमानवीय व्यवहारबाट मुक्त हुन सकेका छैनन् । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ मा जातजातिको आधारमा भेदभाव नगरिने समानताको हक र धारा १४ ले छुवाछुत तथा जातिय विभेदपूर्ण व्यवहार दण्डनीय हुनेछ भनी उल्लेख गरिएको छ (नेपालको अन्तरिम संविधान, २०६३) ।

नेपालमा परम्परागत जातीय पद्धतिले गर्दा नेपालका अधिकांश दलित वर्ग विभिन्न उत्पीडन, उपेक्षित अन्याय, अत्याचार र दविएर बसिरहेको स्थिति छ । यस्तो भेदभावपूर्ण व्यवहारले दलित वर्गले राज्यले प्रदान गर्दै आएका कैयौं सुविधाबाट वञ्चित हुनुपरेको छ । यस्तो हुनुका पछाडि हाम्रो देशका माथिल्लो जात भनाउदा व्यक्तिहरु र राज्य सञ्चालनमा रहेका प्रमुख व्यक्तिहरु नै बढी जिम्मेवार देखिन्छन् । यस्तो भेदभावपूर्ण समाजमा दलित वर्गको उत्थानको कार्य भने नभएका होइनन् । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले उनीहरु लक्षित कार्यक्रम ल्याएका पाइन्छन् तर ति विभिन्न क्रियाकलापले उनीहरुको आर्थिक, शैक्षिक, सामाजिक, न्यायीक क्षेत्रमा खासै सकारात्मक प्रभाव भने पारेको देखिदैन । तर ति संघ-संस्थाले ल्याएका विभिन्न कार्यहरु सकारात्मक छन् । यी कार्यक्रमहरुको

प्रभावकारी कार्यान्वयन हुन सकेमा केही हदसम्म भएपनि दलित वर्गलाई माथि उकास्न सहयोग पुग्नेछ । त्यसै गरी दलित उत्थान कार्यक्रमले पनि विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको देखिन्छ । जस्तै : दलित बर्गका बालबालिकाका लागि शैक्षिक कार्यक्रम, आर्थिक कार्यक्रम, छात्रवृत्ति आदी । यि विभिन्न कार्यक्रमले केही हदसम्म भएपनि दलित वर्गमा सकारात्मक सुधार ल्याएको देखिन्छ । राज्यले पनि दलित वर्गलाई लक्षित गरी विभिन्न कार्यक्रमहरु ल्याएका छन् । दलित वर्गको हितका लागि उनीहरुलाई विशेष Project ल्याएर कार्यक्रम सञ्चालनमा ल्याएको देखिन्छ । जस्तै दलित बालबालिकाहरुका छात्रवृत्ति कार्यक्रम, निःशुल्क शिक्षा र दलित जातजातिका मानिसलाई सरकारी जागिरमा समावेशी सिद्धान्तका आधारमा १५% आरक्षणको व्यवस्था आदी । त्यसै गरी हाम्रो देश नेपालको अन्तरिम संविधान २०६३ मा पनि जातीय छुवाछुत तथा भेदभावलाई दण्डनीय अपराध घोषित गरी यस्तो कार्य गर्नेलाई कानून बमोजिम दण्ड वा सजाय गर्ने व्यवस्था गरिएको छ । यो हामी सबै नेपाली र दलित वर्गलाई माथि उकास्नको लागि गरिएको सकारात्मक प्रयास हो (नेपालको अन्तरिम संविधान, २०६३) ।

नेपालको शैक्षिक स्थिति हेर्दा निरंकुश राणाशासनको अन्त्यपछि विकास भएको पाइन्छ । २००७ सालमा प्रजातन्त्रको उदय सँगै शिक्षाको क्षेत्रमा पनि क्रमशः विकास हुँदै आइरहेको छ । त्यतिखेर सुरुमा ३२० जति प्राथमिक विद्यालय थिए भने वर्तमानमा २१,२२० प्रा.वि., ३७३८ नि.मा.वि. र ५८९४ जति मा.वि.को संख्या रहेता पनि दलित, जनजाति तथा पिछडिएको क्षेत्रका व्यक्तिहरुलाई समेट्न सकिरहेको स्थिति छैन । शिक्षालाई समावेशी बनाउन समय समयमा विभिन्न आवाज आइरहेता पनि त्यसमा दलित वर्गको सहभागिता त्यति देखिदैन । सरकारले ल्याएका विभिन्न नीति तथा कार्यक्रममा दलित वर्गको सहभागिता न्यून हुनु, दलितलाई सम्बन्धित क्षेत्रको ज्ञान दिन नसक्नु र दलित वर्गलाई सामाजिक आर्थिक र शैक्षिक रुपमा माथि उठाउन ठोस कार्यक्रम नल्याउनु नै उनीहरुलाई उपेक्षा गरेको मानिन्छ । जसले गर्दा दलित वर्ग अन्याय र उत्पीडनको चपेटामा परी न्यून र दुःखद जीवनयापन जीउन बाध्य छन् । यसरी शिक्षा लगायत हरेक क्षेत्रमा पछाडी परेका दलित जातजातिमध्ये सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक रुपमा पछाडी परेको जाति दमाई जाति हो । जसको आफ्नै सामाजिक साँस्कृतिक चालचलन, रितिरिवाज, भेषभूषा, धर्म, संस्कृति रहेको छ । यिनीहरुको आर्थिक अवस्था नियाल्दा ८५% दलितहरु गरिवीको रेखामुनी रहेका छन् ।

शताब्दीयौं देखि जातीय भेदभाव र छुवाछुतको व्यवहारका कारण सार्वजनिक क्षेत्रमा पछाडि परेका उत्पिडित दलित समुदायको लागि सन् १९६५ मार्च २१ मा सम्पन्न संयुक्त राष्ट्र संघको साधारण सभाबाट “सबै किसिमका जातीय भेदभाव उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी” पारित भएपछि मानव-मानवविच जातीय दृष्टिले भेदभाव गर्न नपाईने अवधारणाले विश्व जगतमा प्रवेश पाउन थाल्यो ( यमबहादुर किसान, संवैधानिक तथा कानूनी व्यवस्था) । “कानुनको अगाडि सबै जाति समान हुनेछन्” भन्ने प्रमुख अवधारणा रहेको उक्त महासन्धीमा नेपालले पनि सन् १९७१ जनवरी ३० मा हस्ताक्षर गरी तदअनुरुप जातीय भेदभाव विरुद्धका ऐन कानुन तथा नीति नियमहरु तर्जुमा भई कार्यान्वयनमा आउन थाले । यसै क्रममा नेपालको संविधान २०४७ भाग ३ को धारा ११ (३) मा पनि सबै जात जाति, वर्ग,

लिङ्ग, धर्म र समुदायका व्यक्तिहरुले समान रुपमा मानव अधिकारको प्रयोग गर्न पाउने प्रावधानको व्यवस्था गरियो । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को भग ३ (मौलिक हकको धारा १४ मा जातिय छुवाछुत तथा भेदभाव विरुद्धको मौलिक हकका रुपमा व्याख्या गरी सो बमोजिम कारवाही हुने व्यवस्था गऱ्यो । तर संवैधानिक व्यवस्था अनुरुप छुवाछुत विरुद्धको छुट्टै ऐनको व्यवस्था गर्न नसक्दा आजसम्म पनि जातीय विभेद र छुवाछुत जस्तो कुसंस्कारले हाम्रो समाजमा जरा गाडेको छ (जातीय भेदभाव छुवाछुत नियमावली, २०६८) ।

राष्ट्रिय स्रोतसाधनमा दलित समुदायको पहुँच विश्लेषण गर्दा नेपालको समग्र साक्षरता दर ५४% को हाराहारीमा रहेता पनि दलितहरुको साक्षरता दर ३३.८% मात्र रहेको छ । त्यस्तै नेपालको १७% अति गरिवी जनसंख्या मध्ये ८०% जनसंख्याको दलित समुदायको रहेको छ । नेपालको प्रतिव्यक्ति वार्षिक आय २१० अमेरिकी डलर भएता पनि दलित समुदायको वार्षिक प्रतिव्यक्ति आय ३९.६ अमेरिकी डलर मात्र रहेको छ । मानव समाजको इतिहासले २१ औं शताब्दीमा प्रवेश गरिसक्दा पनि जातीय भेदभाव र छुवाछुतको अमानवीय संस्कारबाट मुक्त रहन नसकेको नेपाली समाजको अवस्था यतिखेर राज्यको लागि चिन्ता र चुनौतिको विषय बन्न पुगेको छ । राज्यले शिक्षा क्षेत्रमा दलित समुदायका विद्यार्थीहरुका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेता पनि दलित वर्गका समुदायलाई त्यसको त्यति प्रभाव पारेको देखिदैन । तर पनि दलित समुदायले प्राप्त गर्नुपर्ने अधिकार र समयको सापेक्षतामा भइरहेका नीति नियम तथा व्यवस्था जस्तै : शिक्षा ऐन २०२८ को दफा ३ (क) मा सरोकारवालालाई प्राप्त भएको छात्रवृत्ति मध्ये विपन्न महिला, अपाङ्ग, जनजाति र दलित वर्गलाई सुरक्षित गरिने व्यवस्था छ भने छात्रवृत्ति सम्बन्धी संशोधन नियमावली २०६३ को नियम (क) ले छात्रवृत्ति सुरक्षित गरिने व्यवस्था गरेको छ ( शिक्षा ऐन, २०२८) । नेपाल सरकारलाई प्राप्त भएको ४०% रकम दलित, जनजाति तथा अन्य पिछडिएको वर्गका बालबालिकालाई उपलब्ध गराइने व्यवस्था गरिएको छ । जस्तै : (क) विपन्न वर्गको व्यक्तिका लागि २०% (ख) महिलाका लागि २५%, (ग) अपाङ्ग व्यक्तिको लागि १०%, (घ) जनजातिका लागि २५% (ङ) दलितका लागि १५% र (च) दुर्गम क्षेत्रका लागि १५% रकम बाडिने व्यवस्था गरिएको छ । छात्रवृत्ति सम्बन्धी नियमावली २०६० का अनुसार दलितका लागि कम्तिमा १०% छात्रवृत्ति उपलब्ध गराउने कुरा उल्लेख गरिएको छ । यस्ता विभिन्न नीति तथा नियमावली बनाई दलित वर्गलाई माथि उठाउने प्रयास गरिएता पनि यसको व्यवहारिक कार्यान्वयन हुन नसक्दा दलितहरुको अवस्था यथावत नै छ । दलितका नाममा आउने राहत तथा सुविधाहरु पनि समाजका ठूला भनाउदा जान्ने बुझ्नेहरुले दुरुपयोग गरेको अवस्था छ । दलित जाति अन्तर्गत पर्ने दमाई जातिका बालबालिकाहरु लागि छात्रवृत्ति अत्यन्तै कम भएकोर लक्षित समुहका लागि व्यवस्था गरिएको कोटा अत्यन्त न्यून भएकाले बृद्धि गरिनुपर्ने, हरेक छात्रवृत्ति समितिमा दलित समुदायके प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरिनुपर्ने लगायत उच्च शिक्षालाई समावेशी बनाई त्यसमा दलित प्रतिनिधित्व ग्यारेन्टी गरिनु पर्दछ । त्यसो गरेमा दलित र दमाई जातिका बालबालिकाको विद्यालय सहभागिता बढाउन सकिन्छ । अहिलेको सन्दर्भमा दमाई जातिका बालबालिकाको शैक्षिक वा

विद्यालय सहभागिता एकदमै न्यून रहेको पाइन्छ । यो भनेको दमाई जातजातिका साथै समग्र राष्ट्रको समस्या र चुनौतिको विषय बन्न पुगेको छ ।

ईमाइल दुर्खिम (सन् १८५८-१९१७) ले सामाजिक वर्गले शिक्षामा पार्ने प्रभावबारे आफ्नो धारणा व्यक्त गरेका छन् । उनका विचारमा शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक व्यक्तिहरुमा साझा गुणहरु विद्यमान हुन्छन् । यस्ता साझा गुणहरुले उनीहरुमा समानता ल्याउछ र सामाजिक दायित्वबोध गराउछ । ईमाइलका अनुसार शिक्षा पूर्णतया सामाजिक प्रक्रिया हो । यसको छुट्टै चिनारी छैन । ईमाइल भन्दछन् विद्यालयले नै जातीय छुवाछुत, भाषिक थिचोमिचो, संस्कारको दवाहा र धनको दवाह स्वीकार्ने संकाई व्युँताइदिन्छ ।

सेरिडले “शैक्षिक दृष्टिले सुविधा विहीन समुहमा गरेको अध्ययन”मा नेपालको पिछडिएका समुदायका मानिसहरुको शैक्षिक स्थितिलाई देखाएको छ । सम्बन्धित अध्ययनलाई पूरा गर्न विभिन्न जात जाती, जनजाती सम्बन्धी लेखिएका शोधग्रन्थ तथा अनुसन्धानात्मक लेखहरु अध्ययन गरिनेछ । Swornee; 1998 ले कुमाल जातीका महिलाहरु के कति कारणले शिक्षाको क्षेत्रमा पछाडी परेका छन् कारण पत्ता लगाई समस्या समाधानका उपायहरु पत्ता लगाएका छन् ।

CERID (2003) ले छात्र तथा सुविधाविहीन समुदाय र दलित जातिका छात्र छात्रालाई लक्षित गरी संचालन गरिएका छात्रवृत्ति तथा शिक्षामा सहभागी गराउन प्रेरक गर्ने विभिन्न परियोजनाको प्रभावकारिताको व्याख्या गरिएको छ ।

सदियौँदेखि जातीय भेदभाव र छुवाछुतको व्यवहारका कारण सार्वजनिक क्षेत्रमा पछाडी पारिएका दलित समुदायको न्याय समानता, मक्तिको लागि सन् १९६५ मार्च २१ मा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाबाट सबै किसिमका जातीय भेदभाव उन्मुलन सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धी पारित भयो र कानुनको अगाडी सबै समान हुनेछन् भन्ने अवधारणाका साथ सम्पन्न भयो ।

CERID (1987) ले ग्रामिण नेपालका बालबलिकाले प्राथमिक विद्यालय छाड्ने अवस्थाको प्रमुख कारणहरुमा कमजोर आर्थिक अवस्था, अशिक्षा, मजदुरी सेवा, उनीहरुलाई माथिल्लो जातले गर्ने व्यवहार आदी कारणले विद्यालय छाड्ने गरेको देखाएको छ ।

CERID (1998) ले घरायसी वातावरण उपयुक्त नभएका अधिकांश विपन्न बर्गका बालबालिकाहरु विद्यालय जानबाट वञ्चित हुन्छन् भन्ने देखाएको छ ।

मरहठ्ठा (२०६१) ले दलित जातीका बालबालिकाहरुको प्राथमिक विद्यालय सहभागिता कस्तो छ भनेर अध्ययन गरेको छ । जसमा छात्राहरुलाई पनि छात्रहरु सरह विद्यालय पठाउनुपर्ने कुरामा जोड दिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

अध्ययन कार्यलाई पूरा गर्न सुक्ष्म साहित्यको पुनरावलोकन गर्दा अध्ययनलाई अझ चुस्त दुरुस्त बनाउन सहयोग मिल्नेछ र शुक्ष्म साहित्यको अध्ययनले सम्बन्धित क्षेत्रलाई सहज रुपमा पूरा गर्ने भएकाले यसको महत्वपूर्ण भूमिका रहन्छ ।

सुक्ष्म साहित्यको अध्ययनले विभिन्न जात, जाती, भाषा, भाषी सम्बन्धी विभिन्न लेख रचना गरिएका शोधपत्र र लेखहरु मार्फत् अध्ययनलाई सहज बनाउने भएकाले यस अध्ययनसँग सम्बन्धित सुक्ष्म साहित्यको पुनरावलोकन गरिएको छ ।

अधिकारी अशोक (२०५९) शोधपत्रका अनुसार बालबालिकाको शैक्षिक सहभागितामा देखिएका समस्याहरु शीर्षकमा शोधपत्र लेखिएको छ । जसमा कमजोर आर्थिक अवस्था, भौगोलिक विकटता तथा सामाजिक सांस्कृतिक वातावरण, अभिभावकमा सकारात्मक धारणाको अभाव आदी कारणले शिक्षाबाट वर्तमान समयसम्म पनि १३% बालबालिका वञ्चित भएको कुरा देखाएको छ । साथै घरायसी कार्यमा पनि बढी जिम्मेवारी हुनु, लैङ्गिक विभेद, बाल विवाह, जातीय भेदभाव आदी कारणले पनि पिछडिएका दलित वर्गका बालबालिका शिक्षामा पछाडी परिरहेको कुरा देखाएको छ ।

CERID (1980) का अनुसार नेपालमा पिछडिएका समुदायहरुको शैक्षिक स्थिति पनि न्यून देखिएको छ । जसमा कमजोर पारिवारिक स्थिति आर्थिक तथा सामाजिक हैसियत र अशिक्षित अभिभावकको कारणबाट प्रा.वि. तहमा बालबालिकाको शैक्षिक सहभागिता बढाउन सकिएको छैन भन्ने कुरा देखाएको छ ।

## २.३ जातीय विभेद तथा छुवाछुत विरुद्धका संवैधानिक तथा कानूनी व्यवस्था

नेपालमा जातीय भेदभाव तथा छुवाछुत प्रथा विरोधी भावनाको विकास र विस्तार रणबहादुर शाहको शासनकालमा नेपालको पूर्वी पहाडतिर विस्तार भएको जोसमनी धार्मिक सम्प्रदायले गरेको पाइन्छ । पछि रणबहादुर शाह आफै जोसमनि मतमा दीक्षित भएपछि कतिपय परम्परागत कट्टर हिन्दू संस्कारको विरोध समेत गरेका थिए । पछि राणाहरुको शासनकालमा रणोद्दिप सिंह जोसमनी सन्त बने । वि.सं. २००७ सालको रणाशासन विरोधी आन्दोलन र पछि जातीय भेदभाव विरोधी जनभावनाको प्रशस्त विकास भयो । राणा शासनको समाप्तिपछि बनेको नेपालको अन्तरिम शासन विधान २००७ को धारा १५ ले सरकारले धर्म, जाति, जात (वर्ण) लिङ्गको आधारमा कुनै पनि नागरिकलाई भेदभाव गर्ने छैन भन्ने सिद्धान्त राख्यो । त्यसैगरी नेपाल अधिराज्यको संविधान २०१५ को धारा ४ मा सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जातिको आधारमा भेदभाव गरिने छैन भन्ने प्रावधान राखियो । वि.सं. २०१७ सालमा बहुदलीय शासन प्रणालीको अन्त्य गरेपछि उत्पन्न भएको जटिल राजनीतिक अवस्था र अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको अवस्थामा २०१९ सालमा तत्कालिन राजा महेन्द्रले जारी गरेको नेपालको संविधान २०१९ को धारा १० मा सामान्य कानुनको प्रयोगमा धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरियो (याम ब. किसान, दलित अधिकार सम्बन्धी संबैधानिक तथा कानूनी व्यवस्था, २०६५) ।

### २.३.१ नयाँ मुलुकी ऐन २०२०

आजसम्म पनि नेपालका गैरदलित र दलितहरु बुद्धिजिवीहरुमा २०२० साल भदौ १ गते जारी भएको नयाँ मुलुकी ऐनले नेपालमा जातीय भेदभाव र छुवाछुत प्रथाको अन्त्य गरेको भन्ने भ्रमले समान रुपमा जरो गाडेको छ । सत्यतथ्य नखोजीकनै र त्यसको तत्कालिन परिवेशसँग जोडेर विश्लेषण नगरिकन गरिने यस्ता भ्रम वा अफवाहरुले प्रकारान्तरमा शासकहरुकै सेवा गर्छन् भन्ने यसबाट पुष्टि हुन्छ ।

वि.सं. १९१० को ऐनको प्रस्तावनामा "... अब उप्रान्त छोटाबडा प्रजा प्राणी सबैलाई खत जात माफिक एकै सजाय होस् घटीबढी नपरोस् भन्ना निमित्त ..." भनी यसको उद्देश्य स्पष्ट पारिएको छ । यस ऐनले जनतालाई कानुनको दृष्टिमा समेत ठूला र साना जातमा विभाजन गरेको कुरा स्पष्ट नै हुन्छ । जस अनुसार एकै जातका विभिन्न व्यक्तिले एकै प्रकारको 'खत' गरेमा एउटै सजाय हुने तर सोही 'खत' अर्को जातले गरेमा सजाय फरक हुने भयो । उदाहरणको रुपमा आफ्नो भाइजुलाई ब्राह्मणले करणी गरेमा जात पतित गरी भुँडी देश निकाला गर्ने तर सोही कसुर पानी नचल्ने 'दलित' जातले गरेमा मृत्युदण्ड दिने कानुनी व्यवस्था यो ऐनले गर्‍यो ।

वि.सं. २०२० मा जारी नयाँ मुलुकी ऐनको प्रस्तावनामा "खत जात माफिक" भन्ने शब्दावली हटाई "छोटा बडा सबैलाई कसुर अनुसार एकै सजाय होस घटी बढी नपरोस भन्ना निमित्त" भन्ने वाक्यांश राखियो जुन २०६४ मंसिर १४ गते सम्मको संशोधन पछिको मुलुकी ऐनमा पनि जस्ताको तस्तै रही आएको छ । नयाँ मुलुकी ऐनले पनि जनतालाई ठूला साना भनि विभाजन गरेकै छ । तयाँ ऐनले जातीय विभेद गर्न पर्ने उपरोक्त कतिपय वाध्यात्मक कानूनी व्यवस्था समावेश नगरे पनि छुवाछुत गर्न हुँदैन पनि भनेन र दण्डनीय पनि बनाएन । यस अर्थमा जातीय विभेदजन्य कार्यलाई राज्यले निरन्तरता दिने कि अन्त्य गर्ने भन्ने सवालमा यो ऐन निरपेक्ष रह्‍यो । गोरखापत्र छापाखानाबाट २०२० भाद्र १ गते प्रथम पटक प्रकाशित नयाँ मुलुकी ऐनमा कहिँ पनि जातीय विभेद र छुवाछुत विरुद्ध एक शब्द पनि प्रयोग भएको छैन । जसले गर्दा यस ऐनबाट दलित भन्दा गैरदलितले तुलनात्मक रुपमा बढी राहत पाए तर दलितहरुले भोग्दै आएको जातीय छुवाछुतको व्यवहारमा कुनै फरक आएन (किसान यमबहादुर, २०६५) ।

### २.३.२ नेपाल अधिराज्यको संविधान २०४७

वि.सं. २०४६ सालको जनआन्दोलनले एकातिर बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई पुनस्थापित गर्‍यो भने अर्कोतिर वि.सं. २०१७ सालको शाही कु पछि शक्तिशाली र निरंकुश बनेको राजतन्त्रलाई संवैधानिक बनायो । यस संविधानको धारा (११) ४ मा "कुनै पनि व्यक्तिलाई जाति पातिका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट वञ्चित गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ" भन्ने व्यवस्था गरियो । सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिलाई १९७१ मै स्वीकृत गरिसकेको राज्यको संविधानले छुवाछुत जस्तो जघन्य अपराधलाई सार्वजनिक स्थलमा मात्र

सिमित गरी मानवीय जीवनका अन्य क्षेत्रमा हुन नदिने मनसाय राख्नु आफैमा विडम्बना र विरोधाभाषपूर्ण कुरा हो । तर पनि यस धाराले जातीय आधारमा गरिने छुवाछुतजन्य कार्यलाई पहिलो पटक दण्डनीय अपराध घोषित गरेर विद्यमान विभेदपूर्ण सामाजिक संरचनालाई खवरदारी गर्न थोरै भएपनि सकारात्मक योगदान गऱ्यो ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ (४) अनुसार २०४८ सालमा मुलुकी ऐनको अदलको महलको १० नम्बरमा १० क नं. ४ थप गरी कसैले कसैलाई जातिपातिका आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन र प्रयोग गर्नबाट वञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था गरियो । तर यस सँगसँग कुनै मन्दिर वा धार्मिक स्थलमा परम्परादेखि चलिआएको व्यवहारलाई भेदभावपूर्ण व्यवहार मानिने छैन भन्ने स्पष्टिकारणको व्यवस्था गरेर एकातिर छुवाछुत विरुद्धको पहिलो दण्डनीय कानून बनाएर दुनियालाई देखाउने र अर्कोतिर छुवाछुतको व्यवहारलाई ज्यूँका त्यूँ राख्ने मनसाय तत्कालिन विधायकहरुले देखाए । उपरोक्त विभेदकारी स्पष्टिकरणको व्यवस्थाको विरुद्ध पछि मनबहादुर विश्वकर्माले सर्वोच्च अदालतमा रिट हालेपछि अदालतले खारेज गरेको थियो (किसान यमबहादुर, २०६५) ।

### २.३.३ नेपालको अन्तरिम संविधान २०६३


नेकपा (माओवादी) को नेतृत्वमा संचालित दशवर्षे जनयुद्ध, जनआन्दोलन २०६२/०६३, नेकपा ( माओवादी) र सात दल बीचको १२ बुँदेसहमति हुँदै बृहत शान्ति सम्झौताको जगमा बनेको नेपालको अन्तरिम संविधान २०६३ ले जातीय विभेद तथा छुवाछुत प्रथाका विरुद्ध तुलनात्मक रुपमा बढी सकारात्मक र व्यवहारिक व्यवस्था गरेको छ । यसले जातीय विभेदको अन्त्य मात्रै होइन दलित समुदायलाई राज्यका निकायमा समावेश गर्ने व्यवस्था समेत गरेको छ (अन्तरिम संविधान, २०६३) ।

### जातीय विभेद दण्डनीय अपराध हुने

नेपालको अन्तरिम संविधान २०६३ को धाराले जातीय भेदभाव तथा छुवाछुत विरुद्धको हकलाई मौलिक हकको रुपमा समेटेको छ। यस धाराको उपधारा १ ले ‘कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पिडित व्यक्तिले कानूनमा व्यवस्था भए बमोजिम क्षतिपूर्ति पाउनेछ । यस उपधाराले एकातिर विगतको संविधान भन्दा एक कदम अघि बढेर सार्वजनिक स्थलमा मात्र होइन मानवीय तथा सामाजिक जीवनका कुनै पनि क्षेत्रमा जातिय छुवाछुत तथा भेदभाव गर्न नपाईने व्यवस्था गरेको छ भने अर्कोतिर जातिय भेदभावबाट पिडित व्यक्तिले क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ । तर यसको कार्यान्वयनको लागि उचित कानूनी व्यवस्था हुनुपर्दछ । जसले गर्दा दलित जातिका बालबालिकाहरुले पनि अन्य सरह समान रुपमा शिक्षा आर्जन गरी आफूलाई सक्षम नागरिक बनाएर देश विकासमा सहयोग पुऱ्याउन सक्छन् । जसको कारण दलितहरुको स्तर त माथि उठ्ने नै भयो समग्र राष्ट्रलाई पनि यसले फाइदा गर्नेछ (अन्तरिम संविधान, २०६३) ।

## २.४ अवधारणात्मक ढाँचा

हाम्रो देश नेपालको सन्दर्भमा पिछडिएका दलित जाति मध्ये दमाई जाति समाजका विविध क्षेत्रबाट पछाडि परेको तथा राज्यले दिने सेवा सुविधाबाट पनि वञ्चित भइरहेका छन् । यस्तो विभेदीकरण तथा भेदभावपूर्ण व्यवहारका कारण आजपनि उनीहरुको शिक्षामा पहुँच पुग्न सकिरहेको देखिदैन । दमाईहरुको वा दलितहरुको शैक्षिक स्थिति बृद्धि गर्नका लागि विभिन्न समस्याहरु भएता पनि यस्ता समस्याहरु समाधान गर्न विभिन्न प्रयासहरु भएको देखिन्छ । तर पनि समाजमा दलितहरु आर्थिक, राजनैतिक, शैक्षिक, सामाजिक आदी कारणले पिछडिएका छन् । उनीहरु यसरी शैक्षिक रुपमा पछाडी पर्नुका कारण पत्ता लगाउन निम्न Conceptual Framework बाट हेर्न सकिन्छ ।




उपरोक्त ढाँचामा उल्लेख भएअनुसार यस अध्ययनमा सम्मिलित अछाम जिल्ला अन्तरगत नवाठाना र मष्टामाण्डौ गा.वि.स.मा पर्ने दमाई समुदायका बालबालिकाको भर्ना स्थिति, कक्षा छाड्ने र दोहोऱ्याउने अवस्थाको शैक्षिक उपलब्धिको तुलनात्मक अवस्थामा रही अध्ययन गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अनुसन्धान कार्य एक जटिल काम भएको हुनाले यसका लागि निश्चित तौरतरिका र मापदण्ड अपनाई त्यसैको सेरोफेरोमा रही कार्य सञ्चालन गर्नुपर्ने हुन्छ । अध्ययनविधि विनाको शोध कार्य निश्चित गन्तव्यमा पुग्न सक्दैन “दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता” भन्ने शीर्षकमा गरिएको यस अध्ययन कार्यमा निम्नानुसार स्रोत, साधन, तौर तरिका तथा विधि प्रयोग गरिएको छ र यस अध्ययनमा गुणात्मक तथा परिमाणात्मक अध्ययन ढाँचाको प्रयोग गरिएको थियो । यस अध्ययनलाई पूरा गर्न शिक्षक, विद्यार्थी, अभिभावकलाई विभिन्न अन्तरवार्ता प्रश्नावली बनाएर अन्तर्वार्ता लगिएको थियो । उक्त अन्तर्वार्ता शिक्षक, विद्यार्थी, अभिभावक, कक्षा अवलोकनबाट प्राप्त प्रतिक्रियाहरुलाई व्याख्या र विश्लेषण गर्न गुणात्मक विधिको प्रयोग गरिएको थियो भने तथ्याङ्कलाई तालिका र स्तम्भको रुपमा प्रस्तुत गर्न परिमाणात्मक विधिको प्रयोग गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा तथ्याङ्कको संकलन, मापन र विश्लेषण गर्ने पद्धतिको योजना एवं खाका हो। माथि उल्लेखित परिभाषा अनुसार अनुसन्धान ढाँचालाई एउटा नक्शासँग तुलना गर्न सकिन्छ । यस अनुसन्धानको क्रममा दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको अवस्था पहिचान गर्ने, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने कारणहरु पत्ता लगाउन Qualitative Methods र Quantative Methods लाई आधार मानि समस्याको सम्पूर्ण विषयवस्तुलाई गुणात्मक विधिद्वारा अध्ययन गरिएको छ ।

Qualitative Methods भनेको कुनै अवस्था घटना प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले मापन गरिएका वा शाब्दीक रुपमा संकलन गरिएका असांख्यिक तथ्याङ्कहरुलाई तार्कीक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान ढाँचा (Qualitative Research Method) भनिन्छ । गुणात्मक अनुसन्धानमा मुख्यतयाः निम्नलिखित विधिद्वारा तथ्याङ्क संकलन गरिन्छ । जस्तै गहिरो र खुल्ला अन्तरवार्ता, प्रत्यक्ष अवलोकन, लिखित दस्तावेज आदीबाट प्राप्त जानकारीहरुलाई व्याख्या विश्लेषण गर्न Qualitative Research Method को प्रयोग गरिएको थियो र उक्त प्राप्तिहरुलाई तालिका र स्तम्भ चित्रमा प्रस्तुत गर्न Quantative Methods को प्रयोग गरिएको थियो ।

## ३.२ नमूना छनौट

कुनै निश्चित स्थान, सीमा भित्र बसोबास गर्ने मानिसहरुको समूहलाई जनसंख्या भनिन्छ । जस्तै हाम्रो देश नेपालभित्र बसोबास गर्ने मानिसहरुको संख्या नै जनसंख्या हो । जनसंख्या भनेको मानव जनसंख्याको वैज्ञानिक ढंगले अध्ययन गर्ने विषय हो जस अन्तरगत मूख्यतया जनसंख्याको आकार, संरचना वितरण र विकासको व्यवस्थित ढंगले अध्ययन गरिन्छ ।

यस अध्ययनका लागि अछाम जिल्लाको नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स. अन्तरगतका दमाई जातिका बालबालिकाहरु, सामुदायिक विद्यालयका प्र.अ., अध्यापनरत शिक्षक, दमाई अभिभावक, समाजसेवी तथा शिक्षा प्रेमिहरुलाई यस अध्ययनको जनसंख्याको रुपमा लिइएको थियो । यस अध्ययन कार्यको लागि अछाम जिल्लाको नवाठाना र मष्टामाण्डौ गा.वि.स. अन्तरगतका सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावक र समाजसेवीहरुलाई Random Sampling को आधारमा नमूनाको रुपमा छनोट गरिएको छ ।

### ३.२.१ विद्यालय छनौट

विद्यालय छनौट भन्नाले सम्बन्धित क्षेत्रका विद्यालयहरुबाट केही विद्यालयलाई छानेर तिनीहरुको मात्र विवरण संकलन गर्ने र संकलित विवरणको विशेषतालाई पूरै विद्यालयको विशेषताको रुपमा प्रस्तुत गर्ने कार्य नै विद्यालय छनौट हो । यसरी विद्यालय छनौट गर्दा अध्ययनको उद्देश्य प्राप्तिका लागि सहज होस् र सम्बन्धित विधिद्वारा विद्यालयको छनौट गरिएको थियो । यसका साथसाथै भौगोलिक निकटतालाई पनि ध्यान दिइएको थियो । यस अध्ययनका लागि अछाम जिल्लाको नवाठाना र मष्टामाण्डौ गा.वि.स.का दमाई जातिका बालबालिकाहरुले अध्ययन गर्ने ४ वटा समुदायिक प्रा.वि.हरुलाई उद्देश्यपूर्ण नमुना छनौटको आधारमा छनौट गरिएको थियो ।

### ३.२.२ शिक्षक शिक्षिका छनौट

अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरु संकलन गर्न शिक्षक शिक्षिकालाई सूचनाको स्रोतको रुपमा छनौट गरिने छायसरी शिक्षक शिक्षिका छनौट गर्दा अध्ययन क्षेत्रमा रहेका दमाई समुदायका बालबालिकाहरु अध्ययन गर्ने नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का ४ वटा सामुदायिक प्रा.वि.बाट प्र.अ. र २/२ जना शिक्षक गरी ८ जना शिक्षक शिक्षिका छनौट गरिएको  छ । यि चारवटै विद्यालयका शिक्षकहरुको नामावली चिठ्ठामा लेखिएको थियो र त्यस मध्येबाट आठवटा चिठ्ठा तानिएको थियो । त्यस चिठ्ठामा जुन शिक्षक शिक्षिकाको नाम पऱ्यो तिनै शिक्षकलाई Random Sampling विधिको प्रयोग गरी छनौट गरिएको थियो ।

### ३.२.३ अभिभावक छनौट

अभिभावक भन्नाले सम्बन्धित विद्यार्थीका बाबुआमा हुन् । यस अध्ययन कार्यलाई सहज रुपमा पूरा गर्न र यसको उद्देश्य परिपूर्ति गर्नका लागि अछाम जिल्ला नवाठाना र मष्टामाण्डौ गा.वि.स.मा बसोबास गर्ने दमाई समुदायका अभिभावकहरुको नामावली चिठ्ठामा लेखिएको थियो र त्यस मध्येबाट ४० वटा चिठ्ठा तानिएको थियो । त्यस चिठ्ठामा जुन अभिभावकहरुको नामावली परेको थियो तिनैमध्येबाट ४० जना अभिभावकहरुलाई Random Sampling को आधारमा छनौट गरिएको थियो ।

### ३.२.४ विद्यार्थीको छनौट

विद्यार्थी छनौट गर्दा सामुदायिक विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण दमाई जातिका विद्यार्थीहरु मध्ये Random Sampling का आधारमा केही विद्यार्थीहरुलाई छनौट गरिएको छ । यस अध्ययनका लागि अध्ययन क्षेत्र भित्र रहेका दमाई जातिका बालबालिकाहरु अध्ययन गर्ने सामुदायिक प्राथमिक विद्यालयहरुबाट कक्षा ५ बाट ४, कक्षा ४ बाट ४ र कक्षा ३ बाट ४ जना दमाई जातिका बालबालिकाहरु गरी जम्मा १२ जना बालबालिकाहरुलाई गोलो प्रथाद्वारा नमुनाको रुपमा छनौट गरिएको थियो ।

## ३.३ तथ्याङ्क संकलनका स्रोतहरु

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना तथा प्रमाणपत्र, जानकारी तथा आँकडाहरुलाई तथ्याङ्क भनिन्छ । अनुसन्धानमा परिकल्पनालाई परीक्षण गर्न तथा अनुसन्धानलाई उद्देश्यमूलक बनाउनका लागि तथ्याङ्कको प्रयोग गरिन्छ । अध्ययनलाई पूरा गर्न आवश्यक पर्ने कच्चा पदार्थलाई तथ्याङ्क भनिन्छ । तथ्याङ्क नै अनुसन्धानको आधार भएकाले तथ्याङ्क बिना कुनै पनि अनुसन्धान पूरा गर्न सकिदैन । त्यसैले यस अध्ययनलाई पूरा गर्न प्राथमिक तथ्याङ्क र सहायक तथ्याङ्क लिइएको छ र “दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता” एक अध्ययनका लागि प्राथमिक र सहायक दुवै तथ्याङ्क स्रोतहरुको प्रयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक तथ्याङ्क स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरु प्राथमिक स्रोत अन्तरगत पर्दछन् । यस विधिमा अनुसन्धानकर्ताद्वारा प्रश्नावली, अवलोकन, अन्तरवार्ता आदीको माध्यमद्वारा तथ्याङ्क संकलन गरिन्छ । यस अध्ययनको लागि अवलोकन, अन्रवार्ता र प्रश्नावलीको प्रयोग गरिएको थियो ।

### ३.३.२ सहायक तथ्याङ्क

अनुसन्धान एक जटिल र व्यवस्थित कार्य हो । कतिपय अनुसन्धानहरु प्राथमिक स्रोतहरुको आधारमा मात्र पूरा गर्न सम्भव हुँदैन । कतिपय अवस्थामा प्राथमिक स्रोतबाट सही तथ्याङ्क संकलन नहुन पनि सक्छ । यस्तो अवस्थामा सहायक स्रोतको प्रयोग गर्न आवश्यक हुने गर्दछ । अनुसन्धानको क्रममा पूर्व-प्रकाशित तथा संकलित तथ्याङ्कलाई सहायक स्रोत भनिन्छ । अर्को शब्दमा भन्दा पहिले नै भए गरेका अनुसन्धान प्रकाशन दस्तावेज इत्यादी सहायक स्रोतहरु हुन् । सहायक स्रोत अन्तरगत निम्न स्रोत पर्दछन् । यस अध्ययनका लागि अभिलेख, भर्ना स्थिति, विद्यार्थीको मूल्याङ्कन, रजिस्टर आदिलाई सहायक स्रोतको रुपमा प्रयोग गरिएको थियो ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरु

अनुसन्धान कार्य अन्तरगत पहिलो कार्य नै तथ्याङ्क संकलन गर्नु हो । उपयुक्त जनसंख्याको चयन गरी, विश्वसनीय साधनहरुद्वारा वैध तथ्याङ्क संकलन गर्ने विधि तथा प्रक्रिया नै तथ्याङ्क संकलन हो । यस अध्ययनका लागि “दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता” शीर्षकमा शोधकार्यको तथ्याङ्क संकलन गर्न प्राथमिक कक्षाका दमाई बालबालिकाहरुको सहभागिता कस्तो छ ? विद्यार्थीहरुको उत्तिर्ण प्रतिशत दर के कति छ ? विद्यालय छाड्नुका कारण के-के हुन् ? आदी समस्याको पहिचान तथा सूचना संकलन गर्न निम्नलिखित साधनहरुको निर्माण गरिएको थियो ।

**विद्यार्थीहरुको अभिलेख विवरणको फारम**

प्राथमिक विद्यालय तहमा जाने उमेरका दमाई जातिका बालबालिकाको विद्यालयको शैक्षिक स्थिति पहिचान गर्न उनीहरुको जम्मा संख्या, विद्यालय भर्ना, कक्षा छोड्ने र दोहोऱ्याउने विद्यार्थी संख्या आदि सूचनाहरु संकलन गर्न विद्यार्थी अभिलेख फारम निर्माण गरिएको थियो ।

**(i) कक्षा अवलोकन फारम**

शैक्षिक अनुसन्धानका धेरैजसो प्रयोगहरु कक्षाकोठामा हुने गर्दछन् । शैक्षिक उद्देश्य परिपूर्तिको लागि कक्षा शिक्षणको प्रभावकारी उपयोगबाट मात्रै सम्भव हुने भएकाले शिक्षामा गरिएका लगानीहरुको प्रभावकारि परिचालनका लागि गरिने अध्ययन अनुसन्धानले विद्यालय र कक्षाकोठाको अवलोकनमा बढी जोड दिन्छन् । अवलोकनका विभिन्न प्रकारहरु छन्, अनियन्त्रित अवलोकन, नियन्त्रित अवलोकन, सामूहिक अवलोकन हुन्छन् र यस अध्ययनका लागि मैले अनियन्त्रित अवलोकन विधिको प्रयोग गर्नेछु । अनियन्त्रित अवलोकन भन्नाले अवलोकन कर्ताद्वारा अवलोकन गरिने विषयवस्तुको गतिविधिमा प्रत्यक्ष संलग्न भई गरिने अवलोकनलाई बुझिन्छ । अवलोकनकर्ता समूहको क्रियाकलापमा सहभागी नभई परैबाट तिनीहरुको अवलोकन गर्ने विधि नै असहभागितामूलक अवलोकन हो । त्यसैले यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि सूचना संकलन गर्नका लागि कक्षा अवलोकन गरी अवलोकन फारम निर्माण गरिएको थियो । प्राथमिक तहका दमाई बालबालिकाहरुको उपस्थिति, कक्षामा सक्रियता, कक्षाकार्य, गृहकार्य, छलफल, अनुशासन र सरसफाई जस्ता विषयमा जानकारी लिन कक्षा अवलोकन फारम निर्माण गरिएको थियो ।

### (ii) शिक्षकका लागि अन्तरवार्ता

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलन गर्ने विधिहरुमध्ये अन्तरवार्ता एक प्रमुख विधि हो । त्यसैले यो अध्ययन कार्य पूरा गर्नका लागि असंरचित प्रश्नावलीको निर्माण गरिएको थियो । यस्ता प्रश्नहरुलाई विशिष्ट रुपमा संरचना गरी परीक्षण गरिएको हुँदैन । शिक्षक शिक्षिकाबाट दमाई जातिका बालबालिकाको भर्ना, शैक्षिक उपलब्धि, विद्यालय वातावरण, अभिभावकको शिक्षाप्रतिको धारणा, कक्षा सहभागिताको स्थिति, कक्षा गृहकार्य, कक्षा छोड्ने र दोहोऱ्याउने आदी तथ्याङ्क संकलन गर्न अन्तरवार्ता प्रश्नावली निर्माण गरिएको थियो ।

### (iii) विद्यार्थीहरुका लागि अन्तरवार्ता

दमाई जातिका बालबालिकाहरुको शिक्षाप्रतिको रुचि, अवधारणा, चाहना, विद्यालय सहभागितामा आइपरेका समस्या, घरमा पढ्ने वातावरण, पढाइप्रतिको प्रेरणा, कक्षा छोड्ने तथा दोहोऱ्याउने कारणहरुप्रति अभिमत बुझ्नका लागि विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली निर्माण गरिएको छ र यस अध्ययनका लागि दमाई जातिका बालबालिकाहरुका लागि असंरचित अन्तरवार्ता बनाइएको छ र प्रत्येक विद्यालयबाट २ जनाको समूह बनाई लक्षित समूह छलफल गरिएको थियो।

### (iv) अभिभावकहरुका लागि अन्तरवार्ता

दमाई समूदायका बालबालिकाहरुको शिक्षाप्रतिको धारणा, विद्यार्थीहरुको विद्यालयमा उपस्थिति नियमित नहुने, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, घरमा पढ्ने वातावरण दिने वा नदिने, घरमा गृहकार्य गर्ने नगर्ने आदि धारणा बुझ्न अभिभावकका लागि अन्तरवार्ता गर्न असंरचित अन्तरवार्ता निर्माण गरियो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अनुसन्धानमा गुणात्मक र संख्यात्मक तथ्याङ्क गरिने हुँदा यसका लागि अध्ययनकर्ताले क्षेत्रकार्य, अन्तरवार्ता, विद्यालय अभिलेख आदि प्रक्रियाहरु अपनाई तथ्याङ्क संकलन गरिएको छ । साथै विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक र शिक्षाप्रेमि आदीसँग अन्तरवार्ता र प्रश्नावलीबाट तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण र विवेचना

अध्ययनको क्रममा विद्यार्थी, शिक्षक, अभिभावक र शिक्षाप्रेमिसँग प्रत्यक्ष भेटघाट गरी विभिन्न अन्तरवार्ता प्रश्नावलीद्वारा प्रतिक्रिया लगिएको थियो । उक्त अन्तर्वार्ताबाट प्राप्त प्रतिक्रियाहरु एवं जानकारीहरुलाई गुणात्मक विधिद्वारा व्याख्या गरिएको थियो र परिमाणात्मक तथ्याङ्कलाई तालिकाकरण र प्रतिशतद्वारा विवेचना र विश्लेषण गरी स्तम्भ तथा बृत्तचित्रद्वारा प्रस्तुत गरिएको थियो ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता एक अध्ययनको क्रममा अछाम जिल्लाको नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स. भित्रका दमाई समुदायका बालबालिकाहरु अध्ययन गर्ने सामुदायिक प्राथमिक विद्यालयहरुमध्ये ४ वटा प्राथमिक विद्यालयको प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको शैक्षिक सहभागिता र कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने, उत्तीर्ण/अनुत्तीर्ण दरको स्थिति पत्ता लगाउनुका साथै कक्षा छोड्ने, दोहोऱ्याउने र विद्यालय नजानुका कारणहरुसँग सम्बन्धित रहेर यो अध्ययन गरिएको छ । यस अध्ययनमा विद्यालयको अभिलेख फारम, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालयबाट प्राप्त जानकारी, सम्बन्धित विद्यालयका प्र.अ., कक्षा शिक्षक तथा शिक्षिका, दमाई बालबालिकाहरु र अभिभावकहरुले दिएको जानकारी तथा विद्यालय अभिलेखलाई तथ्याङ्कको विश्लेषण र विवेचनामा प्रस्तुतिकरण गरिएको छ । प्राथमिक तहमा दमाई बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता स्थिति पहिचान गर्नका लागि दमाई र गैर दमाई विद्यार्थीहरुको संख्या, केटाकेटीको भर्ना विवरण र उपस्थितिलाई मूख्य आधारको रुपमा लिइएको छ ।

## ४.१ दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको स्थिति

दमाई जातिका बालबालिकाहरुको शिक्षामा सहभागिता स्थिति हेर्दा त्यति राम्रो देखिदैन । प्रत्येक नागरिकहरुको राज्यका सम्पूर्ण निकायहरुमा सहभागी हुन पाउने अधिकारलाई आत्मसात गर्दै जात, जाति, वंश, परम्परा वा पेशाका आधारमा जातीय विभेद तथा छुवाछुतको विभेदको कारण सामाजिक, आर्थिक, शैक्षिक एवं राजनीतिक रुपमा पिछडिएका दलित समुदायलाई समावेशी गराउन राज्यका सम्पूर्ण संरचनामा सहभागी गराउन राज्य स्तरबाटै सकारात्मक पहल गर्नुपर्ने देखिन्छ । दमाई समुदायका बालबालिकाहरुको शिक्षामा सहभागिताको स्थिति हेर्दा ज्यादै न्यून देखिन्छ, किन भन्दा उनीहरुमा आर्थिक अभाव, चेतनाको अभाव, सामाजिक परिस्थिति, अनि राज्य स्तरबाटै सकारात्मक पहल नभएकाले उनीहरुको शिक्षामा सहभागिताको स्थितिमा सकारात्मक धारणा ल्याउन सकेको छैन ।

यस अध्ययनमा दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको स्थिति अन्तरगत भर्ना स्थिति, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, उत्तीर्ण, अनुत्तीर्ण अवस्थालाई व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.१.१ दमाई जातिका बालबालिकाको भर्ना अनुपात

अछाम जिल्लाको नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का दमाई जातिका बालबालिकाहरु अध्ययन गर्ने प्राथमिक तहमा भर्ना भएका दमाई बालबालिकाको भर्ना संख्यालाई विद्यालयको अभिलेख फारमको आधारमा तथ्याङ्क लिइयो जसलाई तालिका ४.१ मा देखाइएको छ ।

**तालिका ४.१**

**दमाई जातिका बालबालिकाको भर्ना अनुपात**

| क.सं. | | दमाई विद्यार्थीको संख्या ( कक्षा १-५) | | | अन्य विद्यार्थीको संख्या (कक्षा १-५) | | | जम्मा विद्यार्थीको संख्या (कक्षा १-५) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | श्री जल्पादेवी प्रा.वि. | २४ (५७.१) | १८ (४२) | ४२ | ३८ (३५.१८) | २८ (४२.४) | ६६ | ६२ | ४६ (४२.६) | १०८ |
| २ | श्री कृष्ण प्रा.वि. | ४० (६६.६) | २० (३३.३) | ६० | ८२ (४१.६२) | ५५ (४०) | १३७ | १२२ | ७५ (३८.१) | १९७ |
| ३ | श्री हिमालय मा.वि. | ३० (५८.८) | २१ (४१.२) | ५१ | ४९ (३५) | ४० (४४) | ८९ | ७९ | ६१ (४३.६) | १४० |
| ४ | श्री जनकल्याण प्रा.वि. | २६ (५७.७) | १९ (४२.३) | ४५ | ७५ (४२.८५) | ५५ (४२.३) | १३० | १०१ | ७४ (४२.३) | १७५ |
| | जम्मा | १२० (६०.६) | ७८ (३९.४१) | १९८ | २४४ (५७.८) | १७८ (४२.१८) | ४२२ | ३६४ | २५६ (३१.३) | ६२० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

(नोट : कोष्ठभित्र देखाइएका संख्याले केटाकेटीको भर्ना प्रतिशत जनाउँछ ।)

माथिको तालिका अनुसार नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.मा रहेका दमाई जातिका बालबालिकाहरु अध्ययन गर्ने ४ वटा सामुदायिक प्राथमिक विद्यालयमा हेर्दा कुनै पनि विद्यालयमा केटीहरुको विद्यालय सहभागिता केटाको भन्दा बढी रहेको देखिएन । तालिकामा हेर्दा दमाई बालबालिकाको केटा र केटीको भर्ना स्थिति फरक (६६.६-३९.४१)=२१.१९% देखिन्छ । अन्य विद्यालयमा भन्दा श्री कृष्ण प्रा.वि.मा दमाई केटा-केटीको भर्नादर (६६.६-३३.४)= ३३.२% बढी देखियो भने अन्यमा पनि सामान्यतया केटाको भर्नासंख्या केटीको भर्नासंख्याभन्दा बढी नै देखिन्छ ।

छनौटमा परेका विद्यालयहरुमा दमाई बालबालिकाहरुको भर्ना अनुपात ३१.९३% रहेको पाइयो । दमाई बालबालिकाहरु अध्ययन गर्ने ४ वटा विद्यालयको प्राथमिक तहको बालबालिकाहरुको भर्नादरलाई हेर्दा अन्य बालबालिकाको भर्ना संख्याभन्दा दमाई जातिका बालबालिकाहरुको भर्नादर (६८-३१.९३)=३६.०७% ले कमी रहेको देखिन्छ । समग्रमा दमाई तर्फका बालबालिकाहरु विद्यालय शिक्षामा

सहभागिता ६६.६% केटा र ३९.४% केटीहरुको भर्ना भएको देखिन्छ । भर्नादर हेर्दा केटीको भर्नादरभन्दा केटाको भर्नादर बढी देखिन्छ ।

यसरी माथीको तालिका अनुसार दमाई बालबालिकाको भर्नादर त्यति राम्रो देखिएको छैन । यसरी दमाई बालबालिकाहरुको शिक्षामा सहभागिताको अथवा भर्नादरमा कमि हुनु उनीहरुमा चेतनाको कमी, आर्थिक अवस्था कमजोर, सामाजिक, साँस्कृतिक कारण, जातीय भेदभाव, शिक्षित व्यक्तिको अभावका कारणले उनीहरुका बालबालिकाहरु विद्यालयमा भर्ना दर कमी भएको देखिन्छ । त्यस्तै उनीहरुका अभिभावकहरुको शिक्षाप्रतिको सोंचका कारण उनीहरुले आफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन नसकेको अवस्था, तथा उनीहरुको पारिवारिक अनि राज्य स्तरबाटै उनीहरुप्रति लक्षित कार्यक्रम नल्याउनु, ल्याए पनि त्यसको प्रभावकारी रुपमा लागू नहुनु जस्ता कारणले उनीहरुका बालबालिकाहरुको भर्नादरमा कमि देखिन्छ ।

यसरी उनीहरुका बालबालिकाहरुको भर्नादर बढाउन उनीहरु प्रतिको सोचमा सकारात्मक धारणा बनाउनु अनिवार्य देखिन्छ भने सामाजिक, आर्थिक रुपमा सम्पन्न गराउने कार्यक्रमहरु लागू गर्नुपर्ने देखिन्छ । दलित, दमाईहरुका बालबालिकाहरुको भर्नादर बढाउन भर्ना अभियान चलाउनुपर्ने आवश्यक देखिन्छ । त्यस्तै दमाई समुदायका व्यक्तिको आयस्तर बृद्धि गर्न उनीहरुलाई आर्थिक क्रियाकलापसँग आवद्ध गराउन जरुरी देखिन्छ । यसरी आर्थिक स्थितिमा बृद्धि भएमा उनीहरुमा पनि आफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन सकारात्मक हुन्छन् ।

## ४.१.२ दमाई जातिका केटाकेटीहरुको उमेरगत अवस्था

अध्ययन गर्दा नमूनामा परेका १२ जना दमाई विद्यार्थीहरु मध्ये ४ जना विद्यार्थीहरु प्राथमिक उमेर समूहभन्दा माथिका छन् जसलाई तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.२**

**दमाई बालबालिकाहरुको उमेरगत अवस्था**

| क.सं. | उमेर समूह | विद्यार्थी संख्या |
|---|---|---|
| १ | ५-१० वर्षसम्म | ८ (६६.६६%) |
| २ | १०-१४ वर्षसम्म | ४ (३३.३३%) |
| | जम्मा | १२ (१००%) |

(स्रोत : स्थलगत अध्ययन, २०६९ ।)

तालिकाबाट अध्ययन गर्दा प्राथमिक तहमा भर्ना उमेरभन्दा कम वर्षका दमाई विद्यार्थीहरु भर्ना भएको पाइयो ।

दमाई जातिका बालबालिकाहरुको उमेरगत अवस्था हेर्दा विद्यालय जाने उमेरभन्दा बढी उमेरका विद्यार्थीहरु भेटिए । यस्तो हुनुमा उनीहरुका अभिभावकहरुको कमजोरी देखिन्छ । किनभन्दा विद्यालय जाने उमेरमा उनीहरुले आफ्ना बालबालिकाहरुलाई नपढाएर घरकै कार्यमा संलग्न गराउने गरेको पाइयो । यसरी उमेर भन्दा बढी समयमा विद्यालयमा भर्ना गराउने प्रवृत्तिले गर्दा उनीहरुका बालबालिकाहरु आवश्यकता अनुसारको शिक्षा पाउन नसक्ने, कक्षामा ठूलो भएको महशुस गर्ने गरेको देखियो ।

यसरी दमाई जातिका बालबालिकहरुको उमेरगत अवस्थाको अध्ययन गर्दा के भन्न सकिन्छ भने उनीहरुका बालबालिकाहरुलाई समयमै शिक्षामा सहभागी गराउन उनीहरुका अभिभावकहरुमा शिक्षाप्रति सकारात्मक भावनाका साथै आफ्ना बालबालिकाहरुलाई समयमै विद्यालयमा भर्ना गराउन र शिक्षा दिनका लागि उनीहरुको आर्थिक, सामाजिक, पारिवारीकमा सकारात्मक सोचको बृद्धि अनिवार्य देखिन्छ ।

## ४.१.३ कक्षागत रुपमा दमाई जातिका बालबालिकाको भर्ना अनुपात

यस अध्ययन अनुसन्धानमा छनौटमा परेका प्राथमिक विद्यालयका दमाई बालबालिकाहरुको कक्षागत भर्नादर अध्ययन गर्दा सम्पूर्ण विद्यालयको भर्नादर तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.३**

**कक्षागत रुपमा दमाई जातिका बालबालिकाको भर्ना अनुपात**

| कक्षा | १ | | २ | | ३ | | ४ | | ५ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | |
| श्री जल्पादेवी प्रा.वि. | ७ | ४ | ६ | ३ | ५ | ४ | ५ | ३ | ३ | २ | ४२ |
| श्री कृष्ण प्रा.वि. | ९ | ५ | ७ | ४ | ८ | ५ | ६ | ४ | ७ | ५ | ६० |
| श्री हिमालय मा.वि. | ८ | ६ | ६ | ४ | ५ | ५ | ७ | ४ | ४ | २ | ५१ |
| श्री जनकल्याण प्रा.वि. | ७ | ५ | ५ | ३ | ६ | ४ | ५ | ३ | ४ | ३ | ४५ |
| जम्मा | ३१ (६०) | २० (४५.२) | २४ (६३.१५) | १४ (३६.८) | २४ (५७.१) | १८ (४२.८) | २३ (६२.१६) | १४ (३७.९) | १८ (६०) | १२ (४०) | १९८ |

(स्रोत : विद्यालय अभिलेख, २०६९ ।)

तालिकामा कक्षा १ मा केटा ६०% र केटी ३९.२% भर्ना भएको देखिन्छ । त्यस्तै कक्षा २ मा केटा ६३.१५% र केटी ३६.८% भर्ना भएको देखिन्छ । त्यस्तै कक्षा ३ मा केटा ५७.१ प्रतिशत र केटी ४२.८ प्रतिशत भर्ना भएको पाइन्छ । त्यस्तै कक्षा ४ मा केटा ६२.१६ प्रतिशत र केटी ३७.९ प्रतिशत भर्ना भएको पाइन्छ । त्यस्तै कक्षा ५ मा ६० प्रतिशत केटा र ४० प्रतिशत केटी भर्ना भएको देखिन्छ ।

त्यस्तै कक्षा १ मा (६०-३९.२) २०.८%, कक्षा २ मा (६३.१५-३६.८) २६.३५%, कक्षा ३ मा ( ५७.१-४२.८) १४.३% र कक्षा ४ मा (६२.१६-३७.९) २४.९% र कक्षा ५ मा (६०-४०) २०% भर्नामा फरक देखिएको छ । दमाई बालबालिकाहरुको भर्नादरमा सबैभन्दा बढी फरक कक्षा १ मा र सबैभन्दा कम फरक कक्षा ५ मा देखिएको छ ।

यसरी माथिको तालिकाले बताए अनुसार उनीहरुका बालबालिकाहरुको कक्षागत भर्ना हेर्दा अत्यन्त कम देखिन्छ । यस्तो अवस्था हुनुमा उनीहरुका अभिभावकहरुको विचार, सोंचमा सकारात्मक धारणा हुनुपर्ने हुन्छ । यस्तो अवस्थामा जब आर्थिक अवस्था कमजोर अनि सामाजिक, साँस्कृतिक हिसाबले फरक भएको अवस्थामा उनीहरुले आफ्नो दैनिक कार्य सञ्चालन गर्न र हातमुख जोर्नका लागि कृषि लगायत अन्य कार्य गर्नुपर्ने कारणले गर्दा आफ्ना बालबालिकाहरुको कक्षागत भर्नादरमा कमी देखिएको छ । यस्तो अवस्थाले गर्दा कि जहाँ दलित भएको कारणले आफ्नो शिक्षा पाउने अधिकारबाट वञ्चित हुनुपर्ने बाध्यात्मक अवस्थाले गर्दा दमाई बालबालिकाहरुको कक्षागत भर्नादर राम्रो छैन ।

यसरी हेर्दा के भन्न सकिन्छ भने जहाँ चेतना, आर्थिक, सामाजिक कार्य सकारात्मक नभएको ठाउँमा त्यहाँका दलित वर्गका सन्तानहरुले उचित शिक्षा पाउन सकिरहेको स्थिति छैन । यस्तो स्थितिमा उनीहरुका बालबालिकाहरुलाई कक्षागत भर्ना बढाउन उनीहरुका अभिभावकहरुमा शिक्षाप्रतिको सकारात्मक सोंच ल्याउनुमा आवश्यकता देखिन्छ । त्यस्तै गरी छोराहरुलाई मात्र भर्ना गर्ने प्रवृत्ति देखिएकोले छोरीहरुलाई पनि भर्ना बढाउन सम्बन्धित अभिभावकहरुलाई छोराछोरीको समानताको अवधारणा दिन सक्नु पर्दछ । त्यस्तै उनीहरुको भर्नादर बढाउन उनीहरुलाई निःशुल्क शिक्षा, आरक्षण कोटा अनि निःशुल्क किताब कापीको व्यवस्था गर्नु अनिवार्य देखिन्छ । त्यस्तै उनीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने र भर्ना गराउने अभियान संचालन गर्नुपर्ने देखिन्छ ।

## ४.१.४ प्राथमिक तहमा दमाई छात्रछात्राहरुको औसत उपस्थिति

दमाई जातिका विद्यार्थी तथा अन्य विद्यार्थीहरुको २०६९ सालको औषत उपस्थिति पत्ता लगाउन नमूनामा परेका नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का ४ वटा प्राथमिक विद्यालयहरुबाट ५/५ जना दमाई अन्य गरी जम्मा ५० जना विद्यार्थीहरुको औसत उपस्थिति हेरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.४**

**प्राथमिक तहमा दमाई र अन्य विद्यार्थीहरुको औषत उपस्थिति**

**(शैक्षिक सत्र-२०६९)**

| क.सं. | विद्यालयको नाम | कक्षा | दमाई विद्यार्थीहरुको औषत उपस्थिति दिन | अन्य विद्यार्थीहरुको औषत उपस्थिति दिन |
|---|---|---|---|---|
| १ | श्री जल्पादेवी प्रा.वि. | ४ | १५१ (७०.२३%) | १८० (८३.७२%) |
| २ | श्री कृष्ण प्रा.वि. | ३ | १२५ (५८.१३%) | १५८ (७३.४८%) |
| ३ | श्री हिमालय मा.वि. | १ | १३५ (६२.७९%) | १७१ (७९.५३%) |
| ४ | श्री जनकल्याण प्रा.वि. | २ | १४२ (६६.०%) | १७९ (८३.२५%) |
| | जम्मा औषत | | ५५३ (६४.३%) | ६८८ (८०.०%) |

(स्रोत : अध्ययन क्षेत्र अभिलेख फारम, २०६८ ।)

दमाई समुदायका बालबालिका र अन्य समूदायका बालबालिकाहरुको विद्यालय उपस्थिति हेर्दा श्री जल्पादेवी प्रा.वि.बाट कक्षा ४ श्री कृष्ण प्रा.वि.बाट कक्षा ३ श्री हिमालय मा.वि.बाट कक्षा ५ र श्री जनकल्याण प्रा.वि.बाट कक्षा २ को उपस्थिति हेरिएको थियो । जसमा विद्यालय खुलेको २१५ दिनमध्ये दमाई जातिका बालबालिकाको औषत उपस्थिति ५५३ दिन अथवा ६४.३% छ भने अन्य जातिका बालबालिकाहरुको औषत उपस्थितिको जम्मा ६८८ दिन अथवा ८०% रहेको देखिन्छ । यसरी हेर्दा दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता अन्य जातिका बालबालिकाहरुको भन्दा न्यून रहेको पाइयो ।

दमाई बालबालिकाहरुको सबैभन्दा बढी औषत उपस्थिति श्री जल्पादेवी प्रा.वि. १५१ दिन ( ७०.२३%) रहेको छ भने सबैभन्दा कम औषत उपस्थिति श्री कृष्ण प्रा.वि. १२५ दिन (५८.१३%) रहेको देखिन्छ र अन्य विद्यार्थीहरुको औषत सहभागिता श्री जल्पादेवी प्रा.वि.मा १८० दिन (८३.२७%) सबैभन्दा बढी सहभागिता रहेको देखिन्छ भने सबैभन्दा कम श्री कृष्ण प्रा.वि. १५८ दिन (७३.४८%) मा उपस्थिती भएको देखिन्छ ।

साँच्चै भन्ने हो भने दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता हेर्दा अन्य बालबालिकाहरुको औषत उपस्थिती बढी (८०-६४.३=१५.७%) दिन देखियो । यसरी समग्र रुपमा हेर्ने हो भने नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का प्रा.वि. र एउटा मा.वि. विद्यालयको कक्षा २-५ सम्मको उपस्थिति हेर्दा दमाई जातिका विद्यार्थीहरुको ६४.३% सहभागिता रहेको देखिन्छ । जुन दरलाई त्यति राम्रो उपस्थिति दर मानिदैन ।

यसरी माथिको तालिका अनुसार दमाई बालबालिकाहरुको औषद उपस्थिति दिन गैरदलित बालबालिकाहरुको भन्दा कम देखिएको छ । यस्तो हुनुमा उनीहरुको घरायसी कार्यको बोझ र आफ्ना भाइ बहिनीको हेरचाह गर्नुपर्ने बाध्यताले गर्दा उनीहरुको विद्यालयमा उपस्थिति कमी देखिएको छ। यस्तो

उपस्थितिमा कमी देखिनुको कारण उनीहरुका अभिभावकहरुको शिक्षाप्रतिको सोंचमा कमी र आर्थिक अभाव आदि कारणले गर्दा पनि यस्तो भएको देखिन्छ ।

यसरी उनीहरुको विद्यालयमा औषत उपस्थिति गराउन, उनीहरु लक्षित कार्यक्रममा ल्याउनुपर्ने, सोंच, दृष्टिकोण अनि सोचमा सकारात्मक अभिवृद्धि गर्नुपर्ने, आर्थिक रुपमा सम्पन्न गर्नुपर्ने उनीहरुका अभिभावक, युवा रोजगारको व्यवस्था हुनुपर्ने । सहकारी संस्थाहरु लघु वित्तिय तथा वित्तिय संस्थामा आवद्ध गराउनुपर्ने ऋणमा अनुदान दिनुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । दलितहरुले सञ्चालन गर्दै आएका पेशा, शीप, व्यवसायको आधुनिकीकरणबाट सञ्चालन गर्नुपर्ने देखिन्छ र नेपाल सरकारले दलित समुदायको संरक्षण, आर्थिक शसक्तिकरण तथा विकासका लागि छुट्टै आवधिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यसरी उनीहरुका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन सकिन्छ ।

## ४.१.५ नमूना छनौटमा परेका दमाई जातिका बालबालिकाहरुको कक्षा छाड्ने दर

यस अध्ययनमा नमूना छनौटमा परेका ४ वटै विद्यालयका दमाई जातिका विद्यार्थीहरुको कक्षा छाड्ने दरमा अध्ययन तथा विश्लेषण गर्न २ वटै गा.वि.स. भित्रका प्राथमिक विद्यालयको तथ्याङ्कको आधारमा विवरण तयार गरिएको छ । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.५**

**दमाई जातिका बालबालिकाहरुको कक्षा छोड्ने दर (शैक्षिक शत्र २०६८)**

| क्र. सं. | विद्यालयको नाम | भर्ना भएका दमाई विद्यार्थीहरुको संख्या | | | कक्षा छाड्ने दमाई विद्यार्थीहरुको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | श्री जल्पादेवी प्रा.वि. | २४ | १८ | ४२ | ३ (७.१४) | ४ (९.५२) | ७(१६.६६) |
| २ | श्री कृष्ण प्रा.वि. | ४० | २० | ६० | २ (३.३३) | ३ (५.०) | ५ (८.३३) |
| ३ | श्री हिमालय मा.वि. | ३० | २१ | ५१ | - | २ (३.९२) | २(३.९२) |
| ४ | श्री जनकल्याण प्रा.वि. | २६ | १९ | ४५ | ४(८.८८) | २(४.४४) | ६ (१३.३३) |
| | जम्मा | १२० (१९.३५) | ७८ (१२.५८) | १९८ | ९ (४.५४) | ११ (५.५५) | २० (१०.१०) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

माथिको तालिका हेर्दा जम्मा भर्ना भएका १९८ जना दमाई समुदायका विद्यार्थीहरुमध्ये ४.५४% केटा (९ जना) र ५.५५% केटी (११ जना) बालबालिकाले कक्षा छाड्ने गरेको देखियो । नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का ४ वटै प्राथमिक विद्यालयमा कक्षा छाड्ने जम्मा विद्यार्थीहरुको संख्या १०.९% रहेको पाइयो । यस अध्ययनबाट सबैभन्दा बढी कक्षा छोड्ने ९.५२% जल्पादेवी प्रा.वि.बाट

केटा र १६.६६ पनि जल्पादेवी प्रा.वि.बाट केटीहरुले कक्षा छोड्ने गरेको पाइयो । समग्रमा यस अध्ययनले दमाई केटाकेटीहरुभन्दा केटीहरु बढी कक्षा छोड्ने गरेको देखिन्छ ।

यसरी माथिको तालिकामा पनि दमाई बालबालिकाहरुको विद्यालय छाड्ने दर अरु जातिका बालबालिकाहरुको भन्दा धेरै देखिन्छ । यसरी विद्यालय छाड्नेमा केटाभन्दा बढी केटीहरु देखिन्छन् । किन भन्दा केटीहरुलाई पढाएर के गर्ने भन्ने जस्ता कुराले गर्दा अथवा छोरीहरु पछि अरुको घरमा जाने जात हो भन्ने धारणा रहेको देखिन्छ । त्यो दलित समुदायमा मात्र नभएर गैरदलितहरुको मन, मानसिकतामा यदाकदा रहेको देखिन्छ । यस्तो अवस्थामा उनीहरुले बालबालिकाको शिक्षाको त कुरै छोड्दिउँ उनीहरु आफ्ना बालबालिकाहरुलाई विद्यालयमा सहभागिता नै गराउदैन । किन भन्दा उनीहरुमा शिक्षाको अभाव, चेतनाको अभाव, बुझाईको अभाव, आर्थिक अभाव, सामाजिक संरचनाको दोष आदी कारण देखिन्छ ।

यस्तो अवस्थामा उनीहरुको आर्थिक मजबुद बनाउने विभिन्न रोजगारीका अवसरहरु दिइनुपर्ने, रोजगारमा जान चाहने दलितहरुलाई नेपाल सरकारले सहुलियत दरमा तोकिए बमोजिम अनिवार्य ऋण सहयोग गराउनुपर्ने हुन्छ । त्यस्तै विद्यालयमा उनीहरुका बालबालिकाहरुलाई विशेष छुट दिनुपर्ने, हरेक अवसरमा दलितहरुको प्रतिनिधित्व दिइनुपर्ने, उनीहरुका बालबालिकाहरुलाई निःशुल्क शिक्षा, पोशाकको व्यवस्था गर्नुपर्ने हुन्छ । त्यस्तै दलित बालबालिकाप्रति सम्बन्धित शिक्षकहरुले अन्य विद्यार्थी सरह व्यवहार गर्नुपर्ने जस्ता विविध कार्यले गर्दा उनीहरुको विद्यालय छाड्ने दरमा कमी ल्याउन सकिन्छ ।

## ४.१.६ नमूनामा परेका दमाई जातिका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने अवस्था

यस अध्ययनमा नमूनामा परेका नवाठाना गा.वि.स.बाट २ वटा र मष्टामाण्डौ गा.वि.स.बाट २ वटा सामुदायिक प्राथमिक विद्यालयको भर्ना विवरणको आधारमा विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने अवस्था तालिका नं. ४.६ मा देखाएको छ ।

**तालिका नं. ४.६**

**दमाई जातिका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने विवरण (शैक्षिक शत्र २०६८)**

| क्र. सं. | विद्यालयको नाम | भर्ना भएका दमाई विद्यार्थीहरुको संख्या | | | कक्षा दोहोऱ्याउने दमाई विद्यार्थीहरुको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | श्री जल्पादेवी प्रा.वि. | २४ | १८ | ४२ | ४ (९.५२) | ५ (११.९०) | ९ (२१.४२) |
| २ | श्री कृष्ण प्रा.वि. | ४० | २० | ६० | ७ (११.६६) | ६ (१०.००) | १३ (२१.६६) |
| ३ | श्री हिमालय मा.वि. | ३० | २१ | ५१ | ६ (११.७६) | ९ (१७.७४) | १५(२९.४१) |
| ४ | श्री जनकल्याण प्रा.वि. | २६ | १९ | ४५ | ५ (११.११) | ७ (१५.५५) | १२ (२६.६६) |
| | जम्मा | १२० | ७८ | १९८ | २२ (११.११) | २७ (१३.६३) | ४९ (२४.७४) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

माथिको तालिकामा सबैभन्दा बढी कक्षा दोहोऱ्याउने विद्यालयमा श्री हिमालय मा.वि. (२९.४१%) देखियो भने सबैभन्दा कम कक्षा दोहोऱ्याउने विद्यालय श्री जल्पादेवी प्रा.वि. (२१.४२%) देखियो । यसरी नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का ४ वटा प्राथमिक विद्यालयमा अध्ययन गर्दा दमाई जातिका जम्मा २४.७४% बालबालिकाहरुले कक्षा दोहोऱ्याएको देखिन्छ । यसरी माथिको स्तम्भबाट पनि बुझ्न सकिन्छ कि कुन विद्यालयबाट बढी विद्यार्थीहरुले कक्षा दोहोऱ्याउने गर्दछन् भनी स्पष्ट हुन सकिन्छ ।

माथीको तालिकाले देखाएको विवरण हेर्दा त दमाई समुदायका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने लगभग धेरै छात्रछात्रा देखियो । यो किन बढी भयो भन्दा उनीहरुका बालबालिकाहरुले नियमित रुपमा विद्यालयमा आउदैनन् । किन आउदैनन भन्दा घरायसी कारण, आर्थिक कारण चेतनाको अभाव आदी इत्यादी कारणले गर्दा उनीहरुमा कक्षा दोहोऱ्याउने प्रवृत्ति देखियो । यसरी विविध कारणले कक्षा दोहोऱ्याएको अवस्थामा उनीहरुको शिक्षाको पहुँचमा त्यति राम्रो सफलता पाउन सकिरहेको अवस्था छैन ।

त्यसैले उनीहरुका बालबालिकाहरुलाई कक्षा नदोहोऱ्याउनका लागि नियमित रुपमा विद्यालयमा उपस्थिति जनउने, उनीहरुका बालबालिकाहरुलाई विशेष कक्षा सञ्चालन गर्नुपर्ने, विद्यालयका हरेक क्रियाकलापमा सहभागी गराउनु पर्ने, उनीहरुका अभिभावकहरुले पनि आफ्ना छोराछोरीलाई सधैं विद्यालयमा पठाउनुपर्ने, घरमा पनि पढ्ने वातावरण निर्माण गर्नुपर्ने देखिन्छ । यसरी विद्यार्थीका कार्यले उनीहरुका बालबालिकाहरुलाई कक्षा नदोहोऱ्याउनमा सहयोग पुग्ने देखिन्छ । यसमा पनि छात्रहरुभन्दा छात्राले कक्षा दोहोऱ्याएको देखिन्छ । त्यसका लागि उनीहरुका अभिभावकहरुले छोरीप्रतिको गलत धारणालाई सच्याउदै छोरीहरु पनि छोराजस्तै कार्य गर्न सक्दछन् भन्ने चेतनामूलक कार्य दिन जरुरी छ ।

## ४.२ दमाई जातिका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने प्रमुख कारणहरुको शिक्षक अभिभावकहरुको प्रतिक्रिया

प्राथमिक विद्यालयमा दमाई जातिका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने र भर्नादर हेर्न विद्यालयको अभिलेखलाई प्राथमिक स्रोतको रुपमा लिएको छ । यसका साथै अध्ययन क्षेत्रमा छनोट गरिएका वा छानिएका ८ जना शिक्षकहरु ४० जना दमाई अभिभावकहरु र १२ जना दमाई विद्यार्थीहरुबाट प्रस्तुत प्रतिक्रिया लिई व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.७**

**दमाई जातिका अभिभावकहरुले बालबालिकाको भर्ना नगरिदिएको बारेमा प्रतिक्रिया**

| क्र.सं. | विवरण | अभिभावकको संख्या |
|---|---|---|
| १ | आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा भर्ना नगरिएको | १० (२५%) |
| २ | घरायसी काम गर्नु परेकोले भर्ना नगरिएको | ८ (२०%) |
| ३ | छोराछोरीको उमेर बढी भएकोले भर्ना नगरिएको | ३ (७.५%) |
| ४ | परम्परागत कार्यलाई निरन्तरता दिन भर्ना नगरिएको | ४ (१०%) |
| ५ | शिक्षाबारे उपयुक्त ज्ञान नभएकोले | ६ (१५%) |
| ६ | ठूलाबडाको घरमा काम गरी खानुपर्ने भएकोले | ९ (२२.५%) |
| | जम्मा | ४० (१००%) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

माथिको तालिका अनुसार नमूना छनौटमा परेका४० जना दमाई समुदायका अभिभावकहरु मध्ये १० जनाले आर्थिक कमजोरीको प्रमुख कारणले आफ्ना बालबालिकाहरु विद्यालय भर्ना नभएको कुरा बताए र ८ जना दमाई समुदायका अभिभावकले घरायसी काम गर्नुपर्ने हुँदा बालबालिकाहरुलाई विद्यालयमा भर्ना नगरेको बताए । त्यस्तै ३ जना अभिभावकले छोराछोरीको उमेर बढी भएकाले विद्यालय भर्ना नगरिएको बताए भने ४ जना अभिभावकहरुले परम्परागत कार्यलाई निरन्तरता दिन विद्यालयमा भर्ना नगरिएको बताए र ६ जना अभिभावकले शिक्षाबारे उपयुक्त ज्ञान नभएकोले आफ्ना बालबालिकाहरुलाई भर्ना नगरिएको बताए त्यसैगरी ९ जना अभिभावकले माथिल्लो वर्गको घरमा काम गरी खानुपर्ने भएकोले आफ्ना बालबालिकाहरुलाई भर्ना नगरिएको बताए । यसरी हेर्दा हामी के भन्न सक्दछौँ भने दमाई बालबालिकाहरुलाई कृषि कार्यमा संलग्न राख्ने र आर्थिक कमजोर भएको हुँदा सम्पूर्ण बालबालिकाहरु विद्यालयमा भर्ना नगराएको देखिन्छ ।

यसरी दमाई समुदायका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने विभिन्न कारणहरु छन् । दमाई जातिका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने कारणहरुमा अभिभावकहरुको प्रतिक्रिया अनुसार नियमित रुपमा विद्यालयमा सहभागीता नहुनु, कृषि कार्यमा सहयोग पुऱ्याउनु, पढ्ने वातावरण उपयुक्त नहुनु, नियमित रुपमा अनुत्तिर्ण हुनु, घरायसी कामको चापले, अभिभावकले बालबालिकाको पढाईमा चासो नदिनु आदि कारणहरुले गर्दा उनीहरुका बालबालिकाहरुले कक्षा दोहोऱ्याएको अवस्था देखिन्छ ।

त्यस्तै शिक्षकको प्रतिक्रिया अनुसार आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा नियमित विद्यालयमा अनुपस्थितिको कारण घरायसी कामको कारण, शिक्षा प्रतिको चेतनाको अभावका कारण, बाबु आमाको छोराछोरीप्रतिको सोंचका कारण, कृषि कार्यमा सघाउनका कारण उनीहरुका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने गरेको पाइन्छ ।

त्यस्तै कक्षा छोड्ने कारणहरुमा पनि शिक्षक अभिभावकहरुको प्रतिक्रिया लिँदा, आर्थिक अवस्था कमजोर हुनु, अभिभावकहरुको चेतनाको कमी, सानै उमेरमा विवाह हुनु, पढ्ने वातावरण उपयुक्त नहुनु, उत्तिर्ण नहुनु, आम्दानीको अभाव, कृषि कार्यमा सहयोग पुऱ्याउनु आदि कारणले दमाई बालबालिकाहरुले कक्षा छोड्नुपरेको स्थिति छ । यसरी माथिका विविध कारणले गर्दा उनीहरुका बालबालिकाहरुले शिक्षाबाट टाढा रहनुपर्ने बाध्यता देखिन्छ ।

यि माथीका विविध कारणले गर्दा छोड्नुपर्ने देखिएता पनि उनीहरुका बालबालिकाहरुलाई नियमित विद्यालयमा सहभागिता गराउन, सकारात्मक भूमिका शिक्षक अभिभावकहरुबाट हुन सक्दछ । अभिभावकले आफ्ना बालबालिकालाई पढाईको वातावरण सृजना गर्नुपर्ने, उनीहरुको लागि आवश्यक सामग्री उपलब्ध गराइनुपर्ने र विद्यालयमा अनिवार्य पढाउनु पर्ने हुन्छ । त्यस्तै शिक्षकहरुले पनि दमाई बालबालिकाहरुका लागि विशेष कक्षा सञ्चालन गर्नुपर्ने उनीहरु लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने उनीहरुलाई प्रत्येक कार्यक्रममा संलग्न गराउनुपर्ने देखिन्छ । यसरी उनीहरुमा विद्यालय जान र पढ्नमा मन लाग्ने देखिन्छ । त्यस्तै उनीहरुको आर्थिक सवलीकरणका विभिन्न कार्यक्रमहरुदेखि लिएर उनीहरुको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । यसरी दमाई जातिका बालबालिकाहरुको विद्यालयमा सहभागिता बढाउन सकिन्छ ।

## ४.२.१ दमाई जातिका बालबालिकाको भर्नादर राम्रो भए नभएको बारेमा शिक्षकको प्रतिक्रिया

दमाई जातिका बालबालिकाहरुको भर्नादर राम्रो भए नभएको बारेमा शिक्षकहरुबाट प्रतिक्रिया लिइएको थियो । यस विषयमा सूचना संकलन गर्नका लागि प्राथमिक तहका ८ जना शिक्षकहरुलाई अन्तरवार्ता लिइएको थियो । अन्तर्वार्ताको क्रममा शिक्षकहरुले दिएको प्रतिक्रिया निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.८**

**दमाई बालबालिकाहरुको भर्नादर बारेमा शिक्षकहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षक संख्या |
|---|---|---|
| १ | सन्तोषजनक छैन | ६ (७५%) |
| २ | सन्तोषजनक छ | २ (२५%) |
| | जम्मा | ८ (१००%) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

माथिको तालिकाबाट दमाई बालबालिकाको भर्नादर सन्तोषजनक छैन भन्ने ६ जना ७५ प्रतिशत र सन्तोषजनक छ भन्नेमा २ जना २५ प्रतिशत शिक्षकले जवाफ दिएका थिए । समग्रमा भन्दा दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा भर्नासंख्या राम्रो छैन भन्ने निष्कर्षमा पुगिन्छ ।

यसरी दमाई बालबालिकाको भर्नादर राम्रो नभएकोले उनीहरुको भर्नादरमा बृद्धि गर्नका लागि भर्ना अभियान सञ्चालन गर्नुपर्ने, उनीहरुका अभिभावकहरुलाई शिक्षाप्रतिको सकारात्मक धारणा सृजना गर्नुपर्ने, आर्थिक बृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्ने, विद्यालयले उनीहरुका बालबालिकाहरु लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । त्यस्तै छात्रवृत्ति, पुस्तकहरु व्यवस्था गरिनुपर्ने देखिन्छ । त्यस्तै विद्यालयमा उनीहरुका बालबालिकाहरुलाई अपहेलना नगर्ने, पोशाकको उपलब्धता गराउनुपर्ने जस्ता कृयाकलापले दमाई बालबालिकाहरुको विद्यालयमा भर्ना गराउन सकिनेछ । यसरी उनीहरुका बालबालिकाहरुलाई भर्नादरमा बृद्धि गर्न, आर्थिक अवस्था देखि उनीहरुका अभिभावकहरुमा शिक्षाप्रतिको सकारात्मक सोंच ल्याउन जरुरी छ ।

## ४.२.२ दमाई बालबालिकाहरुले विचैमा कक्षा छोड्ने प्रमुख कारणहरु

अध्ययन उद्देश्यसँग सम्बन्धित रहेर छनौटमा परेका शिक्षक, अभिभावक र विद्यार्थीसँग दमाई जातिका बालबालिकाहरुले विचैमा कक्षा छोड्ने प्रमुख कारणहरु बारेमा सूचना संकलन गरिएको थियो । कक्षा छोड्ने कारणहरु के-के होलान् भन्ने प्रश्नमा ४० जना दमाई अभिभावक, ८ जना शिक्षक शिक्षिका र १२ जना दमाई जातिका विद्यार्थीहरुसँग अन्तर्वार्ता लिदा निम्न कारणहरुबारे निम्नानुसारको प्रतिक्रिया जनाएका छन् ।

**तालिका नं. ४.९**

**दमाई जातिका बालबालिकाहरुले विद्यालय छाड्ने प्रमुख कारणहरुबारे शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया**

| क्र.सं. | प्रतिक्रिया | अभिभावक(४०) | शिक्षक (८) | विद्यार्थी (१२) | जम्मा (६०) |
|---|---|---|---|---|---|
| १ | आर्थिक अवस्था कमजोर हुनु | १० (२५%) | ३ (३७.५%) | ४ (३३.३३%) | १७(२८.३३%) |
| २ | घरायसी कामले गर्दा | ८ (२०%) | २ (२५%) | २ (१६.६६%) | १२ (२०%) |
| ३ | अभिभावकको कम उत्तरदायित्व | ६ (१५%) | १ (१२.५%) | १ (८.३३%) | ८ (१३.३३%) |
| ४ | नियमित रुपमा अनुत्तिर्ण हुनु | ५ (१२.५%) | - | १ (८.३३%) | ६ (१०%) |
| ५ | परम्परागत कार्य गर्नुपर्ने भएकाले | ४ (१०%) | १ (१२.५%) | २ (१६.६६%) | ७ (११.६६%) |
| ६ | सानै उमेरमा विवाह हुनु | २ (५%) | - | १ (८.३३%) | ३ (५%) |
| ८ | अन्य कारणहरु | ५ (१२.५%) | १ (१२.५%) | १ (८.३३%) | ७ (११.६६%) |
| | जम्मा | ४० (६६.६६%) | ८(१३.३३%) | १२ (२०%) | ६० (१००%) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

माथिको तालिका अनुसार प्राथमिक विद्यालयमा दमाई समुदायका बालबालिकाले विचैमा कक्षा छाड्नुपर्ने प्रमुख कारणहरुमा आर्थिक अवस्था कमजोरमा, अभिभावकले २५ प्रतिशत, शिक्षक शिक्षिकाहरुले ३७.५ प्रतिशत र विद्यार्थीहरुले ३३.३३ प्रतिशतले आर्थिक अवस्था कमजोर भएको प्रतिकृया दिए । त्यसैगरी घरायसी काममा अभिभावकले २० प्रतिशत, शिक्षक शिक्षिकाले २५ प्रतिशत र विद्यार्थीहरुले १६.१६ प्रतिशत, अभिभावकको कम उत्तरदायित्वमा अभिभावकले १५ प्रतिशत, शिक्षक शिक्षिकाले १२.५ प्रतिशत विद्यार्थीहरुले ८.३३ प्रतिशत प्रतिक्रिया दिएका छन् । त्यस्तै नियमित रुपमा अनुत्तिर्ण हुनाले भन्ने प्रतिक्रिया अन्तर्गत १२.५ प्रतिशत अभिभावक र ८.३३ प्रतिशत विद्यार्थीहरुले प्रतिक्रिया दिएका छन् । त्यस्तै परम्परागत कार्य गर्नुपर्ने भएकोलेमा आफ्नो प्रतिक्रिया दिने अभिभावक १० प्रतिशत, शिक्षक १२.५ प्रतिशत र विद्यार्थी १६.१६ प्रतिशतहरुले प्रतिक्रिया दिएका छन् । यसैगरी सानै उमेरमा विवाह हुनु भन्ने प्रतिक्रिया ५ प्रतिशत अभिभावक र ८.३३ प्रतिशत विद्यार्थीको रहेको पाइयो साथै अन्य कारणहरुमा १२.५ प्रतिशत अभिभावक, १२.५ प्रतिशत शिक्षक र ८.३३ प्रतिशत विद्यार्थीको धारणा रहेको पाइयो ।

यसरी माथिको तालिकाबाट बताए दमाई बालबालिकाहरुले कक्षा छोड्नुका कारण सानै उमेरमा विवाह हुनु, आर्थिक अवस्था कमजोर हुनु, अभिभावकहरुको आफ्ना बालबालिकाको शिक्षाप्रतिको उत्तरदायित्वमा कमी हुनु, पढ्ने वातावरण उपयुक्त नहुनु, नियमित रुपमा उत्तिर्ण नहुनु, घर घरायसी कार्यमा संलग्न गराउनु, आम्दानीका स्रोतको अभाव हुनु, उनीहरुप्रति लक्षित कार्यक्रम संचालन नगर्नु, दलितप्रतिको सोंचमा गलत धारणा बनाउनु आदि इत्यादी कारणले उनीहरुका बालबालिकाहरुले कक्षा छोड्ने गरेको देखिन्छ । तर यि माथिका विविध कारणहरुलाई समाधान गर्न सके दलित बालबालिकाहरु पनि गैरदलित बालबालिकाहरु समान शिक्षा ग्रहण गर्न सक्दछन् । त्यस्तै राज्यस्तरबाट पनि दलित लक्षित कार्यक्रम, उनीहरुको आयस्तरमा बृद्धिका कार्यक्रम ल्याउन सकेमा दलितहरुले पनि शिक्षाको क्षेत्रबाट टाढा बस्नुपर्ने देखिदैन ।

### ४.२.३ दमाई बालबालिकाहरु विद्यालयमा उपस्थिति नहुने कारणहरुबारे अभिभावक र शिक्षकहरुको प्रतिक्रिया

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालय शिक्षामा नियमित रुपमा सहभागिता नहुने कारणहरु बारेमा थाहा पाउन छनौट गरिएका शिक्षक तथा अभिभावकहरुबाट सूचना संकलन गरिएको थियो । यसै क्रममा दैनिक रुपमा बालबालिकाहरु विद्यालय सहभागिता नहुनुका कारण के हो भनेर प्रश्नको जवाफमा विभिन्न कारणहरु पाइएको थियो जुन तालिका नं. ४.१० मा देखाइएको छ ।

**तालिका नं. ४.१०**

**दमाई बालबालिकाहरु दैनिक रुपमा विद्यालय शिक्षामा उपस्थिति नहुने कारणहरुबारे शिक्षक अभिभावकको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षक (८) | अभिभावक(४०) | जम्मा (४८) |
|---|---|---|---|---|
| १ | आर्थिक अवस्थामा कमजोर हुनु | ४ (५०%) | २२ (५५%) | २६(५४.१६%) |
| २ | अभिभावकमा साक्षरता वा चेतनाको कमी | ३ (३७.५%) | १० (२५%) | १३ (२७%) |
| ३ | विद्यालयको अतिरिक्त क्रियाकलापमा समावेश नगर्नु | १ (१२.५%) | ८ (२०%) | ९ (१८.७५%) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

तालिका अनुसार दमाई समुदायका विद्यार्थीहरु दैनिक रुपमा उपस्थित नहुने कारणहरुमा आर्थिक अवस्था कमजोरको कारणले भन्ने अभिभावक र शिक्षकहरु २६ (५४.१६%) भेटिए । त्यसैगरी अभिभावकको चेतनाको कमी भन्ने शिक्षक अभिभावकहरु १३ (२७%) भेटिए । त्यसै विद्यालयको अतिरिक्त क्रियाकलापमा समावेश नगर्नु भन्नेमा शिक्षक र अभिभावकहरुमध्ये ९ (१८.७५%) ले प्रतिक्रिया दिएका छन् ।

यसरी दमाई समुदायका बालबालिकाहरुलाई विद्यालयमा उपस्थित गराउन आर्थिक अवस्थामा बृद्धि, अभिभावकमा साक्षरता वा चेतना बृद्धि, विद्यालयका हरेक क्रियाकलापमा सहभागी गराउनुपर्ने देखिन्छ । त्यस्तै दलित लक्षित कार्यक्रम, आधुनिक कृषि कार्य, रोजगारीका अवसर, दलितप्रतिको हेर्ने दृष्टिकोणमा सकारात्मक कार्य गर्न सकेमा उनीहरुका बालबालिकाहरुलाई विद्यालयमा सहभागिता गराउन सकिने छ । त्यसैले समग्रमा भन्दा आर्थिक, सामाजिक, साँस्कृतिक, चेतनाको कमि अनि सकारात्मक सोंचको कमिले गर्दा घरायसी कामकाजले गर्दा हो भन्ने अधिकांश शिक्षक, अभिभावकहरुले प्रतिक्रिया दिए ।

## ४.२.४ दमाई जातिका बालबालिकाहरुलाई नियमित उपस्थित गराउने बारे शिक्षकसँग प्रतिक्रिया

दमाई जातिका बालबालिकाहरुलाई नियमित विद्यालयमा उपस्थित वा सहभागिता गराउने परिवारहरुको बारेमा शिक्षकसँग अनतर्वार्ता गर्दा संयुक्त परिवार भएकाले, साक्षर परिवारले, आर्थिक रुपमा सम्पन्न परिवारले, माथिल्लो कक्षामा पढ्ने दाजुभाई दिदीबहिनी भएकाले उनीहरुको विभिन्न समस्यालाई समाधान गर्दै, आर्थिक सामाजिक चेतनात्मक धारणामा परिवर्तन ल्याई र उनीहरुको विद्यालयमा निःशुल्क भर्ना, छात्रवृत्ति र अन्य कुरामा सहयोग पुऱ्याएमा मात्र उनीहरुको विद्यालयमा सहभागिता गराउन सकिन्छ भन्ने प्रतिक्रिया दिए ।

अर्कोतिर दमाई जातिका बालबालिकाहरुलाई विद्यालय शिक्षामा सहभागिता गराउन, जनचेतनामूलक कार्यक्रम ल्याउनुपर्ने र दमाई अभिभावकहरुलाई शिक्षाको बारेमा ज्ञान दिने आदि कुराले मात्र उनीहरुका बालबालिकाहरुलाई विद्यालयमा सहभागिता गराउन सकिन्छ भनि प्रतिक्रिया दिएका थिए । यसरी समग्र रुपमा के भन्न सकिन्छ भने,

- अभिभावकहरुमा चेतनाको विकास गराउनुपर्ने ।
- आर्थिक सवलीकरणका कार्यक्रम ल्याउनुपर्ने ।
- निःशुल्क शिक्षा दिइनुपर्ने ।
- छात्रवृत्ति उपलब्ध गराउनुपर्ने, पोषाकको व्यवस्था गर्नुपर्ने ।
- अतिरिक्त क्रियाकलाप जस्तै खेलकूद, हाजिरीजवाफ जस्ता कार्यक्रममा सहभागी गराउनुपर्ने ।

यसरी माथीका विविध कुराहरुले उनीहरुका बालबालिकाहरुलाई विद्यालमा नियमित उपस्थित गराउन सकिन्छ ।

## ४.३ दमाई बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता कमी हुनाका कारणहरु

अनुसन्धान गर्ने क्रममा नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.मा पर्ने ४ वटा विद्यालयहरुमा दमाई बालबालिका विद्यालय शिक्षामा कमि हुनाका विभिन्न कारणहरु देखिएको पाइन्छ । सहभागितामा कमी हुनाका कारणहरु पहिचान गर्न शिक्षक, शिक्षिका, अभिभावक र विद्यार्थीहरुबीच अन्तरवार्ता लिई आवश्यक सूचना सङ्कलन गरिएको थियो । जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.११**

**दमाई बालबालिकाहरु विद्यालय शिक्षा सहभागितामा कमि हुनाका कारणहरुबारे शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षक (८) | अभिभावक(४०) | विद्यार्थी (१२) | जम्मा (६०) |
|---|---|---|---|---|---|
| १ | आर्थिक अवस्था | ३ (२७.५%) | २५ (६२.५%) | ५ (४१.६६%) | ३३ (५५%) |
| २ | बालबालिकाको पढाईप्रति अभिभावकले चासो नदिनु | १ (१२.५%) | २ (५%) | १ (८.३३%) | ७ (६.६६%) |
| ३ | अभिभावकहरुमा चेतनाको अभाव | २ (२५%) | ३ (७.५%) | २ (१६.६६%) | ४ (२२.६६%) |
| ४ | घरायसी काम गर्नुपर्ने भएकोले | १ (१२.५%) | ८ (२०%) | ३(२५.००%) | १२ (२०%) |
| ५ | अन्य कारणहरु | १ (१२.५%) | २ (५%) | १ (८.३३%) | ४ (६.६६%) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

तालिका अनुसार दमाई जातिका बालबालिकाको विद्यालय शिक्षामा सहभागितामा कमी हुनाका कारणहरुमध्ये आर्थिक समस्या ५५%, बालबालिकाको पढाइप्रति चासो नदिनुमा ६.६६%, अभिभावकहरुमा चेतनाको कमिमा प्रतिक्रिया दिनेमा ११.६४%, घरायसी काम गनुपर्ने भएकोलेमा प्रतिक्रिया दिने २०% र अन्यमा प्रतिक्रिया दिने अभिभावक शिक्षक र विद्यार्थीहरुमा ६.६६% छन् ।

यसरी समग्रमा नवाठाना गा.वि.स.का २ वटा र मष्टामाण्डौ गा.वि.स.का २ वटा प्राथमिक तहमा अध्ययनरत दमाई जातिका बालबालिकाहरु विद्यालय शिक्षामा सहभागितामा कमि हुनाका कारण बारे शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया अनुसार आर्थिक समस्या, अभिभावकहरुको सकारात्मक भूमिकामा कमी, जातिगत अन्धविश्वास, कमजोर पढाई, घरमा शैक्षिक वातावरणको कमी हुनु, चाँडै विवाह गर्नु, पढाईप्रतिको चासो कम हुनु, कक्षागत उमेर नमिल्नु आदि कारणको अभावले उनीहरुको विद्यालय शिक्षामा सहभागितामा कमी देखिन्छ ।

यि माथीका विविध कारणहरुले उनीहरुलाई शिक्षामा सहभागिता हुन कठिन हुने हुँदा ति विविध कारणहरुलाई समाधान गर्न सम्बन्धित पक्षले सोच्न जरुरी छ । किन भन्दा उनीहरु लक्षित कार्यक्रम आर्थिक बृद्धि कार्यक्रम, पढाईमा प्रत्यक्ष सरोकार राख्ने सम्बन्धित व्यक्तिहरुको सोंचमा परिवर्तन, अभिभावकहरुको आफ्ना बालबालिकाप्रतिको पढाईमा विशेष चासो राख्नुपर्ने र शिक्षाप्रति सकारात्मक सोंच बनाउने, छोराछोरीप्रतिको हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न सके दलित बालबालिकाहरुलाई विद्यालयमा सहभागिता गराउन सकिन्थ्यो ।

## ४.४ कक्षा १ मा भर्ना भएका मध्ये कक्षा ५ सम्म पुग्ने दमाई समुदायका बालबालिकाको विवरण

दमाई जातिका बालबालिकाहरुको कक्षा १ को भर्ना संख्याको अनुपातमा कक्षा ५ सम्म पुग्ने अनुपात कम देखिन्छ । किन भन्दा कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने, कक्षामा नियमित उपस्थिति नहुनेजस्ता कारणहरुले प्राथमिक तह पूरा गर्ने दर घट्दो क्रममा देखिन्छ । जसलाई तालिकामा देखाइएको छ ।

### तालिका नं. ४.१२

### कक्षा १ मा भर्ना भएका मध्ये कक्षा ५ सम्म पुग्ने दमाई समुदायका बालबालिकाको विवरण

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ मा भर्ना भएको संख्या | | | कक्षा ५ मा पुग्नेको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | श्री जल्पादेवी प्रा.वि. | ७ | ४ | ११ | ३ | २ | ५(४५.४५%) |
| २ | श्री कृष्ण प्रा.वि. | ९ | ५ | १४ | ७ | ५ | १२(८५.०१%) |
| ३ | श्री हिमालय मा.वि. | ८ | ६ | १४ | ४ | २ | ६(४२.८५%) |
| ४ | श्री जनकल्याण प्रा.वि. | ७ | ५ | १२ | ४ | ३ | ७ (५८.३३%) |
| | जम्मा | ३१ | २० | ५१ | १८ | १२ | ३० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।)

तालिकामा उल्लेख गरेअनुसारको तथ्याङ्क कक्षा १ मा ३१ जना केटा र २० जना केटी गरी जम्मा ५१ जना भर्ना भएको देखिन्छ । त्यसमा पनि कक्षा १ बाट कक्षा ५ सम्म १८ जना केटा र १२ जना केटी गरी जम्मा ३० जना पुगेका थिए । यसरी २०६८ को तथ्याङ्क अनुसार कक्षा १ मा भर्ना भएका ५१ (१००%) विद्यार्थीहरुमध्ये३१ (५८.८२%) विद्यार्थीहरु मात्र कक्षा ५ सम्म पुग्न सफल भएको देखिन्छ ।

यसरी नवाठाना गा.वि.स.का र मष्टामाण्डौ गा.वि.स. अन्तगरत प्राथमिक विद्यालयमा दमाई जातिका कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये ५८.८२% मात्र कक्षा ५ मा पुग्न सफल भएका थिए । विद्यालयतर्फ हेर्दा श्री कृष्ण प्रा.वि.मा सवैभन्दा बढी अथवा ८५.०% विद्यार्थी कक्षा ५ मा पुग्न सफल भएको देखिन्छ । सबैभन्दा कम श्री हिमालय मा.वि.बाट ४२.८५% विद्यार्थीहरु कक्षा ५ मा पुगेको देखिन्छ ।

समग्र रुपमा हेर्दा माथिका पाँच वटै विद्यालयमा गैरदलित बालबालिकाहरुभन्दा कम दलित बालबालिकाहरु कक्षा उत्तिर्ण मा कमी देखिन्छ । यसको कारण के हो भने उनीहरु सधै विद्यालयमा उपस्थिति नहुनु, पढाईप्रति उनीहरुका अभिभावकले वास्था नगर्नु, आर्थिक अवस्था कमजोर हुनुजस्ता विविध कारणले गर्दा देखिन्छ । तर यि माथिका विविध कारणहरुलाई समाधान गर्न सके सम्बन्धित व्यक्तिहरुले त्यसमा सकारात्मक सोंच राखेमा बालबालिकाहरुलाई नियमित विद्यालय पठाएमा, पढाईमा सहयोग गरेमा उनीहरुको शिक्षामा प्रगति हुने थियो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

यस अध्ययन अन्तरगत विश्लेषण गरिएका तथ्याङ्कबाट निम्नानुसारका प्राप्तिहरु प्राप्त भएका छन् :

### दमाई जातिका बालबालिकाहरुको शिक्षामा सहभागिताको स्थिति

- छनौटमा परेका विद्यालयहरुमा दमाई समुदायका बालबालिकाहरुको भर्ना अनुपात ३१.९३ प्रतिशत रहेको पाइयो ।
- दमाई जातिका बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थिति अध्ययन गर्दा जम्मा दमाई केटाकेटीको संख्या १२० (१९.३५) प्रतिशत केटा र ७८ (१२.५८) प्रतिशत केटीको संख्या गरी जम्मा १९८ जना केटा र केटीको भर्ना रहेको देखिन्छ र केटा १९.३५ प्रतिशत-केटी १२.५८ प्रतिशत = ६.७७ प्रतिशत केटाको संख्या बढी पाइयो ।
- छनौटमा परेका विद्यालयमा सबैभन्दा बढी दमाई जातिका बालबालिकाहरुको भर्ना संख्या श्री कृष्ण प्रा.वि. (केटा ४०+केटी २०=जम्मा ६०) पाइयो भने सबैभन्दा कम दमाई बालबालिका संख्या श्री जल्पादेवी प्रा.वि. (केटा २४+केटी १८=४२) पाइयो ।
- छनौटमा परेका विद्यालयहरुमा दमाई बालबालिका र गैर दमाई बालबालिकाहरुको भर्नादरमा भिन्नता गैर दमाई ६८-दमाई ३१.९३= ३६.०७ प्रतिशत) पाइयो ।
- छनौट गरिएका विद्यालयमा दमाई केटाकेटीको उमेरगत भर्ना अवस्थालाई हेर्दा ६३.६% प्राथमिक उमेरका पाइयो भने ३६.३६% प्राथमिक उमेरभन्दा बढी वर्षका बालबालिकाहरु भर्ना भएको देखिन्छ ।
- अध्ययनका क्रममा दमाई जातिका बालबालिकाहरुको कक्षागत भर्नादरलाई हेर्दा कक्षा १, २, ३, ४, ५ मा केटाहरुको संख्या क्रमशः ३१, २४, २४, २३, १८ र केटीहरुको संख्या क्रमशः २०, १४, १८, १४, १२ रहेको पाइयो । यसरी हेर्दा प्रत्येक कक्षामा हेर्दा केटाको संख्या भन्दा केटीहरुको संख्या कमी नै देखिन्छ ।
- नमूना छनौटमा परेका विद्यालयको २०६८ सालको उपस्थिति हेर्दा दमाई जातिका बालबालिकाहरुको औषत सहभागिता ६४.३% रहेको पाइयो भने गैर दमाई बालबालिकाको औषत उपस्थिति ८०.०% रहेको देखिन्छ ।

- छनौटमा परेका विद्यालयहरुमा कक्षा छाड्ने दमाई बालबालिकाको संख्या केटा ९ (४.५४%) र केटी ११ (५.५५%) जम्मा गरी २० (१०.१०%) रहेको पाइयो । जसमध्ये सबैभन्दा बढी श्री जल्पादेवी प्रा.वि.मा १६.६६% बालबालिकाले कक्षा छाडेको पाइयो भने सबैभन्दा कम श्री हिमालय मा.वि.मा (३.९२%) बालबालिकाले कक्षा छाडेको पाइयो ।
- कक्षा दोहोऱ्याउने दमाई समुदायका बालबालिकाको संख्या केटा २२ (११.११%) जना र केटी २७ (१३.६३%) गरी जम्मा ४९ (२४.७४%) रहेको देखियो । कक्षा दोहोऱ्याउनेमा पनि केटाकोभन्दा बढी केटिको (२४.७४-१३.६३%=११.११%) पाइयो ।
- सबैभन्दा बढी कक्षा दोहोऱ्याउनेमा श्री हिमालय मा.वि.मा १५ (२९.४१%) बालबालिकाहरु कक्षा दोहोऱ्याउने गरेको पाइयो भने सबैभन्दा कम श्री जल्पादेवी प्रा.वि. मा ९ (२१.४२%) बालबालिकाले कक्षा दोहोऱ्याएको पाइयो ।
- छनोटमा परेका विद्यालयहरुमा कक्षा १ मा भर्ना गरिएका ५१ जना दमाई समुदायका विद्यार्थीहरुमध्ये कक्षा ५ मा पुग्ने विद्यार्थीहरुको संख्या ३० (५८.८२%) पाइयो जसमध्ये सबैभन्दा बढी कक्षा १ बाट ५ मा जाने संख्या श्री कृष्ण प्रा.वि.मा १२ जना (८५.०१%) र सबैभन्दा कम श्री जल्पादेवी प्रा.वि.मा ५ (४५.४५%) दमाई जातिका बालबालिकाहरु रहेको पाइयो ।

## दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताबारे दृष्टिकोण

- अधिकांश शिक्षक अभिभावकले दमाई समुदायका प्राथमिक तहका बालबालिकाहरुलाई विद्यालयमा भर्ना नगराउने कारण सानै उमेरमा विवाह हुनु, छोराछोरीहरुको भर्ना उमेर बढी हुनु, घरमा काम गर्नुपर्ने वाध्यता, कृषि कार्यमा सघाउनुपर्ने तथा आर्थिक अवस्था कमजोर, अभिभावकमा चेतनाको अभाव र परम्परागत कार्यलाई निरन्तरता दिनुपर्ने भएकोले ।
- अधिकांश शिक्षक शिक्षिकाले दमाई जातिका बालबालिकाहरुको भर्नादर राम्रो नभएको प्रतिक्रिया पाइयो ।
- शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया अनुसार दमाई विद्यार्थीहरुले कक्षा छोड्ने, दोहोऱ्याउने र नियमित उपस्थिति नहुने कारणहरु यसप्रकारको रहेको पाइयो :

(क) दमाई जातिका बालबालिकाहरुको कक्षा छाड्ने कारणहरु :

- आर्थिक अवस्था कमजोर हुनु ।
- अभिभावकहरुको चेतनाको कमि ।
- सानै उमेरमा विवाह हुनु ।
- पढ्ने वातावरण उपयुक्त नहुनु ।
- उत्तिर्ण त्यति नहुनु ।

- माथिल्लो वर्गको काम गरी खानुपर्ने ।
- परम्परागत कार्य ।
- आम्दानीको अभाव रहनु ।
- कृषि कार्यमा सहयोग पुऱ्याउनु ।
- अभिभावकहरुमा शिक्षाको अभाव रहनु ।
- अन्य कारणहरु आदि ।

(ख) दमाई जातिका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने कारणहरु :

- पढ्ने वातावरण उपयुक्त नहुनु ।
- नियमित रुपमा अनुत्तिर्ण हुनु ।
- विद्यालयमा नियमितरुपमा पढाई नहुनु ।
- घरायसी कामको चाप बढी हुनु ।
- विद्यार्थीहरुको कक्षामा न्यून सहभागिता हुनु ।
- अभिभावक र शिक्षकले विद्यार्थीको पढाइमा चासो नदिनु ।
- अन्य कारणहरु आदी ।

(ग) दमाई जातिका बालबालिकाहरु नियमित रुपमा विद्यालय उपस्थित नहुने कारणहरु :

- अभिभावकहरुको साक्षरताको कमि हुनु ।
- भाषागत समस्या हुनु ।
- आर्थिक अवस्था कमजोर हुनु ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप नहुनु ।
- शैक्षिक सामग्रीको अभाव हुनु ।
- शैक्षिक वातावरण उपयुक्त नहुनु ।
- कृषि तथा घरायसी कार्यमा सहयोग गर्नुपर्ने कारणले ।

- संयुक्त परिवार, शिक्षित अभिभावकहरु, आर्थिक रुपमा सम्पन्न परिवार, माथिल्लो कक्षामा पढ्ने दाजुभाई, दिदीबहिनी भएका परिवारमा नियमित रुपमा दमाई बालबालिकाहरुलाई विद्यालय शिक्षामा पठाउने गरेको देखियो ।
- दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागितामा वाधा पर्ने कारणहरु आर्थिक कारण, पारिवारिक कारण, सामाजिक कारण, चेतनाको अभाव तथा अन्य विविध कारणहरु प्रमुख रुपमा रहेको प्रतिक्रिया शिक्षक अभिभावकहरुको पाइयो ।

- विद्यालयमा कहिलेकाहीँ मात्र जाने कारणहरुबारे विद्यार्थीको प्रतिक्रियामा कृषि कार्यको समयमा घरमा काम गर्नुपर्ने, विद्यालयमा पढाई बाहेक अन्य अतिरिक्त क्रियाकलाप नहुने, गृहकार्य वा कक्षा कार्य नगरेमा शिक्षकहरुबाट दण्ड, सजाय पाउने आदि कारणले भन्ने प्रतिक्रिया पाइयो ।
- नमूना छनौटमा परेका सामुदायिक प्राथमिक विद्यालयहरुमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने तथा कक्षा उत्तिर्ण दर अन्य विद्यार्थीहरुको भन्दा दमाई बालबालिकाहरुको बढी रहेको देखिन्छ भने कक्षा उत्तीर्णदर अन्य समुदायका बालबालिकाहरुको बढी पाइयो ।
- दमाई बालबालिकाहरुको प्राथमिक तहमा उमेरगत जनसंख्याको आधारमा सहभागिता न्यून रहनाका कारणहरुमा शिक्षा क्षेत्रमा अभिभावकहरुको न्यून लगानी, घरपरिवारमा पढ्ने वातावरण नहुनु, सल्लाह दिने अभिभावकहरुको अवभाव, विद्यालयमा जातिगत समस्याले गर्दा सहभागितामा कमी पाइयो ।
- दमाईहरु प्रायः संयुक्त परिवारमा मिलेर बस्ने र साक्षर नभएकाले अझै शिक्षाको महत्व बुझेका छैनन् । यिनीहरु प्रायः बाजागाजा बजाउने, लुगा सिउने र माथिल्ला वर्गको घरमा काम गर्ने भएकाले दमाई समुदायका मानिसहरु आर्थिक अवस्था कमजोर भएकाले यिनहरु मजदुरी गर्ने, भारी बोक्ने, अरुको घरमा काम गर्ने गरेको अध्ययनमा पाइयो ।
- अधिकांश दमाई अभिभावक, अन्धविश्वासका कारणले छोराछोरीमा भेदभाव गर्ने, सानै उमेरमा छोराछोरीको विवाह गर्ने, शिक्षालाई प्राथमिकता दिने आदि कारणले गर्दा अधिकांश विद्यालयमा दमाई छात्रहरुको भन्दा छात्राहरुको शैक्षिक सहभागितामा कमि देखियो ।

## प्राथमिक तहमा दमाई जातिका बालबालिकाहरुको शैक्षिक सहभागितामा कमी हुनाका कारणहरु

अध्ययनका क्रममा छनौटमा परेका दमाई समुदायका बालबालिका अध्ययन गर्ने सामुदायिक प्राथमिक विद्यालयमा दमाई बालबालिकाहरुको शैक्षिक सहभागितामा विभिन्न समस्या, वाधा, अड्चन देखिएको कुरा अनुसन्धानको क्रममा छनौटमा परेका शिक्षक, प्र.अ., अभिभावक, दमाई विद्यार्थी, शिक्षाप्रेमी तथा समाजसेवी आदिको अन्तरवार्ता दिएको प्रतिक्रियाबाट प्राप्त विचारहरु जसलाई यसरी बुँदागत रुपमा दिइएको छ ।

- अभिभावकहरुमा चेतनाको कमि ।
- अभिभावकहरुमा आर्थिक समस्या ।
- विद्यालय तथा विद्यार्थीको कमजोर पढाई ।
- बालबालिकाहरुको पढाइप्रति अभिभावक र शिक्षकले चासो नदिनु ।
- विद्यार्थीहरुले शिक्षकबाट बारम्बार सजाय पाउनु ।

- विद्यार्थीहरुले नियमित गृहकार्य नगर्नु ।
- घरमा शैक्षिक वातावरणमा कमि हुनु ।
- बालबालिकाहरु अतिरिक्त क्रियाकलापमा कम सहभागिता गराइनु ।
- कक्षागत उमेर नमिल्नु ।
- घरपरिवारमा निर्देशन गर्ने अभिभावकको अभाव हुनु ।
- जातिगत अन्धविश्वास बढी हुनु ।
- बालबालिकाहरुले पढाइप्रति चासो नदिनु ।
- सानै उमेरमा विवाह गरिदिनु ।
- छोराछोरीमा भेदभावको प्रथा कायम रहनु ।
- विद्यालयमा पढ्ने समय नमिल्नु ।
- घरायसी कामको बोझ झेल्नु ।
- अन्य जातिका बालबालिकाले अपहेलना गर्ने ।
- परीक्षामा असफल हुनु ।
- विद्यालयले छात्रवृत्ति र पोशाक उपलब्ध गराउन नसक्नु ।

## ५.२ निष्कर्ष

यो अध्ययन अछाम जिल्लाको नवाठाना गा.वि.स. र मष्टामाण्डौ गा.वि.स.का क्षेत्रमा प्राथमिक तहका सामुदायिक विद्यालयहरुमा “दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागित” भन्ने शीर्षकमा यो अध्ययन गरिएको थियो । यस अध्ययनको मूख्य उद्देश्य विद्यालय शिक्षामा दमाई समुदायका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता, प्राथमिक तहका छात्रछात्राहरु विद्यालय नजानु, कक्षा दोहोऱ्याउनु र विचैमा कक्षा छाड्नुका कारणहरु पत्ता लगाइ उपयुक्त सुझावहरु प्रस्तुत गरिएको छ ।

अध्ययनका क्रममा नवाठाना गा.वि.स. र मष्टामाण्डौ मष्टामाण्डौ गा.वि.स. अन्तरगत दमाई बस्ती भएका विद्यालय क्षेत्रमा उनीहरुका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता कम देखियो । त्यसमा पनि प्रत्येक विद्यालयमा दमाई केटाको संख्या दमाई केटीको संख्या कम देखियो । दमाई वस्तीकै नजिक-नजिक रहँदा पनि प्रत्येक विद्यालयमा दमाई बालबालिकाको संख्या कम देखिनुमा आर्थिक, सामाजिक, पारिवारिक, साँस्कृतिक, चेतनाको कमीको प्रभाव देखियो । विद्यालयमा अध्ययनरत छात्रछात्राहरु पनि नियमित रुपमा विद्यालयमा सहभागिता नभएको र बारम्बार अनुत्तिर्ण भएको, धेरैले कक्षा दोहोऱ्याउने गरेको साथै केही दमाई बालबालिकाहरु भने नियमित रुपमा विद्यालयमा सहभागिता भएको पाइयो । प्रायजसो विद्यालयहरुमा केटाहरुको तुलनामा कक्षामा भर्ना हुने उत्तिर्ण हुने तथा अन्य

क्रियाकलापमा संलग्न हुने कार्यमा केटीको सहभागितामा कमी देखियो भने कक्षा दोहोऱ्याउने, नियमित नहुने, असफल हुनेमा केटाको तुलनामा भन्दा केटीको संख्या बढी देखिन्छ ।

विद्यालयमा अध्ययनरत छात्रछात्रहरु पनि केही केही छात्रछात्रालाई छाडेर धेरैजसो छात्रछात्राहरु शैक्षिक स्तरमा कमी, अध्ययनमा रुचि नराख्ने, विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप तथा बौद्धिक खालका कार्यक्रमहरुमा पनि उनीहरुको उपस्थिति कमै हुने गरेको पाइयो । दमाई शिक्षक शिक्षिका भएका विद्यालयहरुमा छात्रछात्राहरुलाई विद्यालय सहभागितामा केही सकारात्मक प्रभाव परेको पाइएता पनि विद्यालयमा अन्य जातिका छात्रछात्राहरुबाट आफूहरु अलि अपहेलित हुनुपरेको महशुस दमाई समुदायका बालबालिकाहरुले गर्ने गरेको पाइयो । अशिक्षित अभिभावक, घरायसी वातावरण, शैक्षिक पृष्ठभूमि नहुँदा उनीहरुमा पढाईप्रतिको धारणामा कमजोर भएको, आर्थिक अभाव, गरिवी, कृषि कार्यमा संलग्न हुनुपर्ने बाध्यता, निर्देशन गर्ने अभिभावकको कमिका कारणले दमाई बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागितामा कमि भएको पाइन्छ । तर पछिल्ला समयमा भएका परिवर्तनसँगै उनीहरुको धारणामा पनि पढ्नुपर्छ भन्ने भावनाको विकास हुँदै गरेको देखिन्छ ।

कक्षागत रुपमा भर्नादर हेर्दा कक्षा १ मा भर्ना भएका मध्ये कक्षा ५ मा पुग्ने दमाई बालबालिका वा विद्यार्थीहरुको प्रतिशत ५८.८२% पाइन्छ । यो संख्या अन्य जातिका विद्यार्थीहरुको संख्याको तुलनामा कम भएकोले यसबाट दमाई समुदायका प्राथमिक तहमा भर्ना भएका मध्ये कक्षा छोड्ने र दोहोऱ्याउने बालबालिकाहरुको संख्या नै बढी देखिन्छ । अध्ययनका क्रममा नमूना छनौटमा परेका ४ वटा विद्यालयको २०६८ सालको उपस्थिति हेर्दा पनि अन्य जातिका बालबालिकाको तुलनामा दमाई जातिका बालबालिकाहरुको उपस्थिति कम रहेको देखिन्छ ।

यसरी अध्ययनको क्रममा छनौटमा परेका नवाठाना गा.वि.स. का २ वटा र मष्टामाण्डौ गा.वि.स.का २ वटा प्राथमिक विद्यालयको अध्ययन गर्दा दमाई जातिका बालबालिकाहरुले कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने र नियमित रुपमा उपस्थिति नहुने कारणहरुमा आर्थिक अवस्था कमजोर, चेतनाको कमी, अनुत्तीर्ण हुने, घरायसी तथा कृषि कार्यमा व्यस्तता, सहि निर्देशन गर्ने अभिभावकको कमी, विद्यालयमा पढ्ने वातावरणको अभाव, अभिभावकहरुमा शिक्षाको कमी, जातिगत अन्धविश्वास तथा कम उमेरमा विवाह गर्नुपर्ने आदि कारणहरु पाइयो । यसै क्रममा विद्यालय विचैमा छाड्ने, कक्षा दोहोऱ्याउने, भर्ना भएका दमाई बालबालिकाहरुलाई के-कसरी विद्यालयमा सहभागिता गराउन सकिन्छ भन्ने सम्बन्धमा दमाई अभिभावक, विद्यार्थी, शिक्षक शिक्षिका, शिक्षाप्रेमि तथा समाजसेवी निम्न कुराहरु बताए जस्तै : आर्थिक सहयोग, छात्रवृत्तिको व्यवस्था, जनचेतनामा बृद्धि, दमाई बालबालिकाहरुलाई प्रोत्साहन एवं पुरस्कारको व्यवस्था, उनीहरु लक्षित कार्यक्रम, लगायतका कार्यक्रमहरु ल्याउन सकेमा दमाई समुदायका बालबालिकाहरुलाई विद्यालय शिक्षामा सहभागिता गराउन सकिने बताए ।

## ५.३ सुझावहरु

अध्ययनमा प्राथमिक तहका दमाई जातिका विद्यार्थीहरुको विद्यालय शिक्षामा सहभागिताको स्थिति पहिचान गर्न, कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने दर पत्ता लगाउन, शैक्षिक सहभागितामा कमी हुनाका कारणहरु पत्ता लगाई समाधानका उपयुक्त सुझावहरु प्रस्तुत गर्न, शिक्षक, विद्यार्थी, प्र.अ., अभिभावक, शिक्षाप्रेमी तथा समाजसेवीहरुलाई अन्तरवार्ताको माध्यमद्वारा प्रतिक्रिया लिइयो । जसको आधारमा अध्ययन अनुसन्धान विश्लेषण गरिएको छ । विद्यार्थीहरुले कक्षा दोहोऱ्याउनु, कक्षा छाड्नु, शैक्षिक सहभागितामा कमि हुनाका कारणहरु पत्ता लगाउन शिक्षक, प्र.अ., अभिभावक, विद्यार्थी, समाजसेवीसँग अन्तरवार्ता गरी प्रतिक्रिया लिइयो । जस अनुसार शैक्षिक स्थिति अन्तरगत सहभागिता बढाउन, कक्षा छोड्ने तथा दोहोऱ्याउने दर घटाउनका लागि अध्ययनको आधारमा निम्नानुसारका सुझावहरु दिइएका छन् ।

- विद्यालयमा दमाई विद्यार्थीहरुको विद्यालय नजाने प्रमुख कारण आर्थिक समस्या भएकाले हो । यसको समाधानको लागि दमाई बालबालिकाहरुलाई प्रदान गरिने प्राथमिक तहको छात्रवृत्तिमा बृद्धि तथा पोशाक, कापी र अन्य शैक्षिक सामग्रीको निःशुल्क व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- दमाई बालबालिकाहरुको विद्यालयमा छात्रभन्दा छात्राको भर्नादर कम देखिएकोले छात्रा संख्या बढाउनको लागि विशेष शिक्षाको व्यवस्था गर्नुपर्ने, छात्राहरुको रुचि र क्षमता अनुसार अतिरिक्त क्रियाकलापमा सरिक गराउने र पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- अन्य जातिका विद्यार्थीहरुको तुलनामा दमाई जातिका बालबालिकाहरुको औषत उपस्थिति कम देखिएकोले नवाठाना र मष्टामाण्डौ गा.वि.स.मा दलितका लागि शिक्षाको बारेमा समाजका प्रतिष्ठित व्यक्तिहरु, राजनीतिक कार्यकर्ता, शिक्षक, अभिभावकहरुलाई शिक्षाप्रति अभिप्रेरित हुने खालका चेतनामूलक कार्यक्रमहरु र गोष्ठी, सेमिनार, छलफल आदिमा भाग लिन लगाउनुपर्ने देखिन्छ ।
- कक्षा १ मा भर्ना भएका विद्यार्थीहरु मध्येमा दमाई विद्यार्थीहरु कक्षा ५ पुग्ने संख्या कम देखिएकोले दमाई अभिभावकहरुमा अनौपचारिक शिक्षा अन्तरगत प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरी अभिभावकहरुमा साक्षरता दर बढाई चेतनामूलक कार्यक्रम दिने ।
- दमाई बालबालिकाहरुको उपलब्धि मूल्याङ्कन अन्य बालबालिका भन्दा दमाई बालबालिकाको उत्तीर्ण प्रतिशत कम भएकाले सो प्रतिशत बढाउन विद्यार्थीहरुमाझ प्रशंसापत्र तथा पुरस्कारको व्यवस्था विद्यालयद्वारा गरिनुपर्छ ।
- नियमित रुपमा कक्षामा उपस्थित नहुने विद्यार्थीहरुलाई विद्यालयले थप अतिरिक्त कक्षा सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

- गाउँमा वैकल्पिक शिक्षा जस्तै विद्यालय छाडेका बालबालिकाका लागि शिक्षा दिन पुनः विद्यालयमा भर्ना हुने व्यवस्था तथा उमेर बढी भएको कारणले पढ्न जान नसक्नेहरुको लागि अन्य वैकल्पिक कक्षा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने हुन्छ ।
- सरकारी तथा गैरसरकारी संस्थाहरुले बढी सक्रिय भई दमाई जातिका वा दलित जातिको आर्थिक पक्षमा टेवा पुऱ्याउने खालका कार्यक्रमहरु जस्तै आधुनिक कृषि कार्य, मौरी पालन, रेडियो मर्मत, मोवाइल मर्मत, तरकारी तथा फलफूल खेतीजस्ता कार्यमा सहयोग पुऱ्याउने व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- समाजमा बाल विवाह प्रथाको उन्मूलनका लागि अभिभावकहरुलाई सचेत र बाल विवाहका सम्बन्धमा कानूनी व्यवस्था सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- शिक्षकहरुबाट कक्षामा विभिन्न जातका विद्यार्थी भएता पनि जातिगत आधारमा कोही ठूलो सानो नहुने र भेदभाव गर्न नहुने बारेमा चेतना दिनुपर्ने देखिन्छ ।
- दमाई समुदायमा जातिगत अन्धविश्वासका संस्कारहरु हटाउन र गैर दमाई समुदायमा पनि अन्धविश्वास हटाउन सक्ने खालका जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- विद्यालयमा दमाई छात्रको भन्दा छात्राको भर्ना संख्या दर कम भएकाले साधारणतया विद्यालयमा कम्तिमा १ महिला शिक्षिकाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- शिक्षक, अभिभावक संघको सक्रियतामा छोराछोरीलाई विद्यालय नपठाउने अभिभावकहरुका लागि घरदैलो कार्यक्रम गरी विद्यालय पठाउन सल्लाह दिनुपर्ने देखिन्छ ।
- सन् २०१५ सम्ममा सबैलाई शिक्षा पुऱ्याउने नीति बमोजिम विभिन्न कार्यक्रम सञ्चालन भएकोमा ति कार्यक्रमहरुलाई विशेष गरी दलित, पिछडिएको वर्ग र जनजाति भएका ठाउँमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- प्लान नेपालको तथ्याङ्क अनुसार विद्यालय छाड्ने विद्यार्थीहरुमध्ये शिक्षकहरुबाट पाउने सजायका डरले विद्यालय छाड्ने विद्यार्थीहरुको संख्या १४% हुन्छन् । त्यसैले यस्तो पिट्ने, गाली गर्ने, दुर्वचन बोल्ने, अपमानजनक रुपमा व्यवहार गर्ने, शौचालयमा थुन्ने कार्य पर्दछन् । यस्ता कार्यबाट विद्यार्थीहरुको मनोबल घट्दछ । त्यसैले यस्ता कार्यबाट सुधार गर्नुपर्ने देखिन्छ ।
- अतः प्राथमिक तहका दमाई सातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता बढाउन कक्षा छोड्ने दर, कक्षा दोहोऱ्याउने दर घटाउनका लागि निम्न उपायहरु अवलम्बन गर्नुपर्ने कुरा सुझावमा दिन सकिन्छ :
    - स्थानीय भाषामा पाठ्यसामग्री उपलब्ध गराई स्थानीय भाषामै पठनपाठन हुनुपर्दछ ।
    - बाल मनोविज्ञान बुझेर मायालु स्वभाविलो वातावरणमा रोचक चित्रसहितका पाठ्यसामग्री उपलब्ध गराई पठनपाठन गर्नुपर्दछ ।

- विद्यालय स्थानीय टोलमै स्थापना गरिनुपर्दछ, यदी टाढा भएमा यातायातको व्यवस्था हुनुपर्दछ ।
- विद्यालयमा दमाई जाति लगायत समग्र दलित तथा पिछडिएका वर्गलाई समान व्यवहार गर्ने, हौसला प्रदान गर्ने व्यवस्था हुनुपर्दछ ।
- विद्यालयमै खाजाको व्यवस्था हुनुपर्दछ ।
- उमेर अनुसारका खेलसामग्री हुनुपर्दछ ।
- खानेपानी, चर्पी, डेस्क, बेन्च प्रयाप्त मात्रामा हुनुपर्दछ ।
- अभिभावकले घरको कामबाट फुर्सद दिई बालबालिकाहरुलाई विद्यालय पढ्न पठाउनु पर्दछ ।
- विद्यार्थीबीच सहयोग, समभ्रुदारी र माया ममता गर्न सिकाउनुपर्दछ ।
- विद्यालयलाई शान्तिक्षेत्रको मान्यता प्रदान गरी स्वतन्त्र रुपमा बालबालिकाको पठनपाठनमा सहयोग पुऱ्याउनु पर्दछ । यस्ता कार्यहरु गर्न सकेमा बालबालिकाहरुको शैक्षिक सहभागितामा बृद्धि हुन गइ विद्यालय विचैमा छाड्ने, कक्षा दोहोऱ्याउनेबाट रोक्न सकिन्छ । यसका साथै शिक्षक, अभिभावक, शिक्षाप्रेमी, स्थानीय संघसंस्थाहरु, स्थानीय क्लव आदिले विद्यालय जान छोडेका बालबालिकाहरुका लागि उनीहरुका समस्या समाधान गर्नतिर अग्रसर भई जसले गर्दा अध्ययनले राखेका उद्देश्य र सबैका लागि शिक्षाले राखेका उद्देश्य पूरा गर्न सघाउ पुग्ने देखिन्छ ।

# सन्दर्भ सूचि

Aryal, Gokarna Raj (1999**), Contraceptive knowledge and use in Kumal community Amarpur Gulmi**, Unpublished Thesis submitted to Central Department Edu. T.U. Kathmandu.

Best, J.W. and Khan J.U. (1999), **Research in Education 1st edition**, New Delhi Prentile Hall of India.

CBS, (2011), **Population of Nepal Village Development Committee** Population Selected Tables.

CERID, (1987), **An inquiry in to causes of primary school dropouts in rural Nepal**.

CERID, (1990), **Educationally disadvantaged population group**.

CERID, (1998).

CERID, (2003).

Cothari, CR (1995), **Research Methodology**, Viswa Prakashan, New Delhi.

DEO, (2067), **Flash Report I and II, Sanothimi**, Bhaktapur.

Kattel, Krishna Raj (2003), **Fertility Behaviour of Kumal Community Chakratirtha Lamjung**, Unpublished thesis to Central Depart of Arts, T.U. Kathmandu.

अधिकारी, अशोक, (२०५९), **सेरिड** ।

किसान, यामबहादुर (२०६५), **दलित अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था**, काठमाडौं, राष्ट्रिय दलित आयोग ।

**केन्द्रिय तथ्याङ्क विभाग**, २००२ ।

खनाल पेशल, (२०६५), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं, स्टुडेन्ट बुक्स, पब्लिकेशन, एण्ड डिष्ट्रिव्युटर्स ।

श्रेष्ठ, चन्द्रबहादुर, सम्झना बस्न्यात (२०६२), **शिक्षण पद्धति**, काठमाडौ, विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, जनार्दन ९१९९७), **धनकुटा र नुवाकोट जिल्लाका प्राथमिक तहमा छात्राहरुको भर्ना स्थिति एक अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

**जातीय भेदभाव तथा छुवाछुत नियमावली**, २०६८ ।

ढकाल, चुडामणी, (२०६१), **बर्दिया जिल्लाका थारु बालबालिकाहरुको शैक्षिक स्थिति एक अध्ययन**, अप्रकाशित शोधपत्र त्रि.वि., कीर्तिपुर ।

तथ्याङ्क विभाग, **राष्ट्रिय जनगणना २०५८** ।

पाण्डेय, मधुसुधन, (२०६५), **नेपालका जनजातिहरु**, काठमाडौं, पैरबी प्रकाशन ।

पाण्डेय, मधुसुधन, (२०६५) **नेपालमा पिछडिएका वर्गहरु**, काठमाडौं, पैरबी प्रकाशन ।

पोखरेल, वालकृष्ण (२०६५) **"राष्ट्रभाषा" नेपालका पिछडिएका जातिहरुको साामाजिक आर्थिक अध्ययन** ।

भट्टराई, ज्ञानेश्वर (२०६१), **बृहत ज्ञानकोश**, आशिष पुस्तक भण्डार, बागबजार, काठमाडौं ।

मरहठ्ठा सुलोचना, (२०६१), **कुमाल बालबालिकाहरुको शैक्षिक सहभागिता** अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर ।

**राष्ट्रिय जनगणना**, २०५८ ।

**राष्ट्रिय दलित आयोग चौमासिक बुलेटिन**, २०६५ ।

**राष्ट्रिय दलित आयोग प्रतिवेदन**, २०६७/०६८ ।

**राष्ट्रिय दलित आयोग स्मारिका**, २०५९ ।

वाग्ले, मनप्रसाद तथा उपेन्द्र कार्की (२०५३), **शिक्षाको आधार**, काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

विष्ट, डोरबहादुर (२०२४), **सबै जातका फूलबारी**, ललितपुर साझा प्रकाशन ।

**नेपाल अधिराज्यको संविधान**, २०४७ ।

**नेपाल अधिराज्यको अन्तरिम संविधान**, २०६३ ।

सेरिड (२०५८), **दुर्गम क्षेत्रका विपन्न वर्गका बालबालिकाले शिक्षाको अवसर पाउन नसक्नाका कारक तत्वहरु** (शिक्षक प्रशिक्षण निर्देशिका), त्रिपुरेश्वर, सेरिड ।

# अनुसूची १

## छनौटमा परेका विद्यालयका शिक्षक शिक्षिकाहरुको नामावली, २०६९

| क.सं. | विद्यालयको नाम | शिक्षकको नाम | योग्यता | शिक्षण अनुभव | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री जल्पादेवी प्रा.वि. | रतनबहादुर कुँवर | एस.एल.सी. | ३० वर्ष | तालिम प्राप्त |
| | | रुपा टेलर | १०+२ | १३ वर्ष | तालिम प्राप्त |
| २ | श्री कृष्ण प्रा.वि. | तारामान कुँवर | आइ.एड. | १२ वर्ष | तालिम प्राप्त |
| | | झप्पटसिंह ओड | एस.एल.सी. | २५ वर्ष | तालिम प्राप्त |
| ३ | श्री हिमालय मा.वि. | बल ठकुल्ला | एस.एल.सी. | १० वर्ष | तालिम प्राप्त |
| | | नेत्र बुढा | एस.एल.सी. | १३ वर्ष | तालिम प्राप्त |
| ४ | श्री जनकल्याण प्रा.वि. | तेजबहादुर नायक | आइ.एड. | १६ वर्ष | तालिम प्राप्त |
| | | देवेन्द्र बुढा | एस.एल.सी. | ७ वर्ष | तालिम प्राप्त |

## अनुसूचि २

## छनौटमा परेका अभिभावकहरुको नामावली, २०६९

| क.सं. | अभिभावकको नाम | उमेर (वर्षमा) | पेशा | विद्यालय क्षेत्र |
|---|---|---|---|---|
| १ | नन्दे दमाई | ३० | कृषि | श्री जल्पादेवी प्रा.वि. |
| २ | मोति दमाई | ४० | कृषि | |
| ३ | नैने दमाई | ४६ | सिकर्मी | |
| ४ | राजु दमाई | ३८ | कृषि | |
| ५ | खम्म दमाई | ४२ | कृषि | |
| ६ | टंक दमाई | ३४ | कृषि | |
| ७ | रामे परियार | ४० | सिकर्मी | |
| ८ | विमला दमाई | ३५ | कृषि | |
| ९ | चन्द्रा दमाई | ३८ | कृषि | |
| १० | शंकर दमाई | ५० | कृषि | |
| ११ | सन्तोष परियार | ५१ | कृषि | श्री कृष्ण प्रा.वि. |
| १२ | टिकाराम परियार | ५२ | कृषि | |
| १३ | बाटुली दमाई | ३० | व्यापार | |
| १४ | काले दमाई | ४० | व्यापार | |
| १५ | सुन्तली परियार | ३८ | कृषि | |
| १६ | चन्द्र दमाई | ३६ | कृषि | |
| १७ | बजिरे दमाई | ३५ | कृषि | |
| १८ | खन्टे दमाई | ४० | व्यापार | |
| १९ | पुरन दमाई | ५० | कृषि | |
| २० | बजिरे परियार | ४६ | सिकर्मी | |
| २१ | जितमान दमाई | ३५ | कृषि | श्री हिमालय मा.वि. |
| २२ | जम्बु दमाई | ३९ | शिक्षक | |
| २३ | जमाने परियार | ३५ | व्यापार | |
| २४ | सुके दमाई | ४५ | कृषि | |
| २५ | बब्लु दमाई | ५५ | कृषि | |
| २६ | जगत परियार | ३० | व्यापार | |
| २७ | चन्द्र परियार | ४५ | कृषि | |
| २८ | लालबहादुर परियार | ३८ | कृषि | |
| २९ | काशीराम दमाई | ३६ | कृषि | |
| ३० | बलराम परियार | ३१ | कृषि | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | गीता दमाई | २५ | कृषि | श्री जनकल्याण प्रा.वि. |
| ३२ | सुमित्रा परियार | २८ | सिकर्मी | |
| ३३ | चित्रा परियार | ४० | व्यापार | |
| ३४ | सुना दमाई | ३५ | सुचिकार | |
| ३५ | दले दमाई | २८ | कृषि | |
| ३६ | धनबहादुर परियार | ३३ | कृषि | |
| ३७ | प्रकाश दमाई | ४२ | सुचिकार | |
| ३८ | सुन्तली परियार | ३६ | जागिर | |
| ३९ | हरि दमाई | २८ | कृषि | |
| ४० | प्रेम दमाई | ४४ | शिक्षक | |

# अनुसूचि ३

## छनौटमा परेका विद्यालयहरुका विद्यार्थीहरुको नामावली, २०६९

| क.सं. | विद्यालयको नाम | विद्यार्थीको नाम | कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जल्पादेवी प्रा.वि. | लक्ष्मी दमाई | ५ | |
| | | मुक्त परियार | ५ | |
| | | गोपी दमाई | ५ | |
| | | कृष्णा दमाई | ५ | |
| | | अर्जुन दमाई | ४ | |
| | | हर्क परियार | ४ | |
| | | महेन्द्र दमाई | ४ | |
| | | महेश दमाई | २ | |
| | | नवराज परियार | २ | |
| | | विकाश दमाई | २ | |
| २. | श्री कृण प्रा.वि. | सन्तोष दमाई | ५ | |
| | | सागर दमाई | ५ | |
| | | जीवन परियार | ५ | |
| | | विरेन्द्र दमाई | ५ | |
| | | सिता दमाई | ४ | |
| | | दिपेन्द्र दमाई | ४ | |
| | | करण दमाई | ४ | |
| | | नरेश दमाई | २ | |
| | | रोशन दमाई | २ | |
| | | पुरन दमाई | २ | |
| ३ | श्री हिमालय मा.वि. | सुरज दमाई | ५ | |
| | | किरण परियार | ५ | |
| | | उमा दमाई | ५ | |
| | | ललिचन परियार | ५ | |
| | | नर दमाई | ४ | |
| | | सिर्जना परियार | ४ | |
| | | माधव दमाई | ४ | |

| | | | | |
|---|---|---|---|---|
| | | चित्र दमाई | २ | |
| | | निर्मला दमाई | २ | |
| | | ममता दमाई | २ | |
| ४ | श्री जनकल्याण प्रा.वि. | संगिता दमाई | ५ | |
| | | किरण दमाई | ५ | |
| | | सन्तोष परियार | ५ | |
| | | विमा दमाई | ५ | |
| | | चन्द्रकला दमाई | ४ | |
| | | गणेश दमाई | ४ | |
| | | प्रविण दमाई | ४ | |
| | | दिपक दमाई | २ | |
| | | प्रमिला परियार | २ | |
| | | नविन दमाई | २ | |

# अनुसूचि ४

## कक्षा अवलोकन फारमको नमूना

**अध्ययन क्षेत्रका दमाई छात्रछात्राहरुको कक्षा अवलोकन गर्न तयार गरिएको असहभागितामूलक अवलोकन फारम**

विद्यालयको नाम : ........................................................

कक्षा : ....................... विषय : .............................. घण्टी : ..........................

जम्मा विद्यार्थी संख्या : ............ दमाई विद्यार्थी संख्या अन्य विद्यार्थी संख्या

छात्र : .................... छात्र : ...........................

छात्रा : ................... छात्रा : ..........................

| क.सं. | विवरण | ५ | ४ | ३ | २ | १ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षागत सक्रियता | | | | | | |
| २ | कक्षाकार्य र गृहकार्य | | | | | | |
| ३ | पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्रीको प्रयोग | | | | | | |
| ४ | अनुसन्धान | | | | | | |
| ५ | सरसफाई | | | | | | |
| ६ | पाठप्रति आकर्षण | | | | | | |
| ७ | बसाईको स्थिति | | | | | | |

## अनुसूची ५

### अध्ययन क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरुको कक्षा १-५ सम्मका दमाई विद्यार्थीहरुको भर्नादर, कक्षा छाड्ने र दोहोऱ्याउने विवरण २०६८

| विद्यालय | जम्मा भर्ना | | | | | | कक्षा छाड्ने दमाई विद्यार्थी | | | कक्षा दोहोऱ्याउने दमाई विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दमाई विद्यार्थी | | | अन्य विद्यार्थी | | | | | | | | |
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| श्री जल्पादेवी प्रा.वि. | २४ (२२.२२) | १८ (१६.६६) | ४२ | ३८ (३५.१८) | २८ (२५.९) | ६६ | ३ ( ७.१४) | ४ ( ९.५२) | ७(१६.६६) | ४ (९.५२) | ५ (११.९०) | ९ (२१.४२) |
| श्री कृष्ण प्रा.वि. | ४० (२०.३०) | २० (१०.१५) | ६० | ८२ (४१.६२) | ५५ (२७.९) | १३७ | २ ( ३.३३) | ३ (५.०) | ५ (८.३३) | ७ (११.६६) | ६ (१०.००) | १३ ( २१.६६) |
| श्री हिमालय मा.वि. | ३० (२१.४२) | २१ (१५) | ५१ | ४९ (३५) | ४० (२८.५७) | ८९ | - | २ (३.९२) | २(३.९२) | ६ (११.७६) | ९ ( १७.७४) | १५( २९.४१) |
| श्री जनकल्याण प्रा.वि. | २६ (१४.८५) | १९ (१०.८५) | ४५ | ७५ (४२.८५) | ५५ (३१.४२) | १३० | ४( ८.८८) | २(४.४४) | ६ (१३.३३) | ५ (११.११) | ७ (१५.५५) | १२ ( २६.६६) |
| जम्मा | १२० (१९.३५) | ७८ (१२.५८) | १९८ | २४४ (३९.३५) | १७८ (२८.७) | ४२२ | ९ (४.५४) | ११ (५.५५) | २० (१०.१०) | २२ ( ११.११) | २७ ( १३.६३) | ४९ ( २४.७४) |

स्रोत : विद्यालय तथ्याङ्क, २०६८ ।

# अनुसूचि ६

## शिक्षकका लागि अन्तर्वार्ता सूची

विद्यालयको नाम : ..........................................................................................

शिक्षकको नाम : ............................................ लिङ्ग : ..................... उमेर : .................

स्थाई ठेगाना : ..............................................................................................

शिक्षण अनुभव : ................ वर्ष शैक्षिक योग्यता : ...........................

१. तपाईको विद्यालयमा कुन जातिका बालबालिकाहरुको बढी सहभागिता छ ?

२. दमाई बालबालिकाको भर्नादर कस्तो छ ?

३. विद्यालयमा छात्र वा छात्रा कसको भर्ना दर बढी छ ?

४. केटाहरुको भर्नादर बढी किन हुन्छ ?

५. केटीहरुको भर्नादर कमि हुनाको कारणहरु के हुन् ?

६. के उनीहरुको अभिभावक, घरपरिवार को कारणले हो ?

७. विद्यालयमा दमाई बालबालिकाको नियमितता छ कि छैन ?

८. तपाईको विद्यालयमा कक्षा छोड्ने दमाई विद्यार्थीहरु छन् ?

९. तपाईको विद्यालयबाट अन्य बालबालिकाहरुले पनि कक्षा दोहोऱ्याउने र छाड्ने गरेका छन् ?

१०. छात्र, छात्रामध्ये कसले कक्षा छोड्ने गरेको पाइन्छ ?

११. छात्र छात्रा मध्ये कसले कक्षा दोहोऱ्याउने गरेको पाइन्छ ?

१२. कक्षा उत्तिर्ण र अनुत्तिर्ण प्रतिशत केटा वा केटी कसको बढी छ ?

१३. दमाई छात्रछात्राहरुको उत्तिर्ण अनुत्तिर्ण प्रतिशत कस्तो छ ?

१४. दमाई जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागितामा बाधा पार्ने तत्वहरु के-के हुन सक्दछन् ?

१५. दमाई जातिका बालबालिकालाई विद्यालय शिक्षामा सहभागिता गराउनका लागि विद्यालयले के-कस्ता कार्यक्रम सञ्चालन गरेको छ ?

१६. विद्यालयमा दमाई जातिका बालबालिकाहरुको शैक्षिक समस्या तपाईको विचारमा के-के हुन् ?

१७. अभिभावकहरुले विद्यालय र आफ्ना बालबालिकाहरुप्रति कत्तिको चासो देखाउँदछन् ?

१८. अन्त्यमा तपाई के भन्नुहुन्छ ?

# अनुसूचि ७

## विद्यार्थीका लागि अन्तर्वार्ता सूची

विद्यालयको नाम : ................................................ मिति : .................

विद्यार्थीको नाम : ................................................ कक्षा : .................

सेक्सन : ........................................................... रोल नं. : .............

उमेर : ........................ लिङ्ग : .................

१. तिम्रो नाम के हो ?

२. तिमी कति कक्षामा पढ्छौ ?

३. तिम्रो विद्यालयको नाम के हो ?

४. विद्यालयमा नियमित रुपमा जाने गर्दछौ कि कहिले काहीँ मात्र जाने गर्दछौ ?

५. यस पटकको परिक्षामा तिमी पास भयौ वा फेल ?

६. फेल भए कुन कारणले फेल भयौ ?

७. तिमीले विद्यालय छाड्नाको कारण के हो ?

८. विद्यालयमा लगातार वा नियमित पढाई हुन्छ ?

९. विद्यालय शिक्षकहरुले तिमीप्रति कस्तो व्यवहार देखाउँदछन् ?

१०. अन्य बालबालिकाहरुले कस्तो व्यवहार देखाउँदछन् ?

११. घरमा पढ्ने वातावरण मिल्छ कि मिल्दैन ?

१२. तिमीले कक्षा दोहोऱ्याउनुको कारण के होला ?

१३. तिम्रो परिवारमा कति जना सदस्यहरु छन् ?

१४. तिमीले घरमा काम गर्नु पर्छ कि पर्दैन ? पर्दछ भने कुन समयमा गर्दछौ ?

१५. विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा समावेश हुन्छौ कि हुँदैनौ ?

१६. तिमी सधै गृहकार्य गर्दछौ ?

१७. तिमी कक्षामा कुन स्थान आउदछौ ?

१८. तिमीलाई विद्यालयमा जाँदा के को समस्या पर्दछ ?

१९. तिम्रो घरमा भाई बहिनीहरु छन् ?

२०. भाई बहिनी विद्यालय जान्छन् ?

२१. घरमा आमा बुवाले पढाइमा सहयोग गर्दछन् ?

२२. अन्त्यमा तिमीलाई विद्यालयको बारेमा केही भन्नु छ ?

# अनुसूचि ८

## अभिभावकका लागि अन्तर्वार्ता सूची

अभिभावकको नाम : ............................................ मिति : ....................

उमेर : ............................................................

ठेगाना : ........................................................... पेशा : .......................

१. तपाईको नाम के हो ?

२. तपाईका कति वटा छोराछोरी छन् ?

३. तपाईका छोराछोरी विद्यालयमा जान्छन् ? जादैनन् भने किन जादैनन् ?

४. तपाईले कति कक्षासम्म पढ्नुभएको छ ?

५. तपाईले आफ्ना बालबालिकाप्रति के सोच्नुभएको छ ?

६. तपाईको परिवार संख्या कति छ ?

७. कति जना छोरा र कति जना छोरी छन् ?

८. तपाईका छोराछोरीलाई घरायसी काममा लगाउनुभएको छ ?

९. लगाउनुभएको भए कुन काममा लगाउनु हुन्छ ?

१०. तपाईका बालबालिकाहरु विद्यालयमा उपस्थिति किन हुँदैनन् ?

११. तपाईका बालबालिकाहरु घरमा गृहकार्य गर्छन् कि गर्दैनन् ?

१२. तपाई अहिले कुन पेशामा आवद्ध हुनुहुन्छ ?

१३. तपाई लागेको पेशाबाट तपाई सन्तुष्ट हनुहुन्छ ?

१४. तपाईको आयले बालबालिकाको पढाइमा सहयोग गर्दछ ?

१५. बालबालिकाहरुलाई विद्यालय नपढाउनुभएको के आर्थिक कारणले हो ?

१६. तपाईको विचारमा दमाई बालबालिकाहरुले विद्यालयमा के-कस्ता समस्या भोलिरहेका छन् ?

१७. अन्त्यमा विद्यालयको बारेमा केही भन्नुहुन्छ की ?